Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १६, अंक- १६, २०८० साल मंसिर १२ गते मंगलबार (Nov 28, 2023) www.janaakash.com.np

**जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www.janaakash.com.np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।

**सम्पर्क : ४१६७५७८ (बागबजार)**
**मोबाइलः ९८५१०८७१५६**

**Email : janaakash.com.np@gmail.com**

## भोजपुरका किसानको मुख्य समस्या नै बाँदर

**भोजपुर–** भोजपुरका किसानको मुख्य समस्या नै बाँदर बनेको छ । मल, बीउ ,बिजनभन्दा पनि तत्कालको मुख्य समस्या बाँदर बनेको हो । बाँदरका कारण किसानले उत्पादन योग्य जमिन बाँझो छाडेका छन् ।

बाली लगाए पनि बाँदरबाट बचाउन समस्या भएपछि जमिन बाँझो छाड्न बाध्य भएको किसानको भनाइ छ । वैकल्पिक बाली लगाउँदासमेत बाँदरले हैरान पारेपछि जमिन बाँझो छाड्न बाध्य भएको रामप्रसाद राई गाउँपालिकाका दीपकुमार मगरले बताए ।



“हामी किसानको मुख्य समस्या नै बाँदर बनेको छ”, उनले भने, “बाँदर प्रभावित क्षेत्रमा मल बीउभन्दा ठूलो समस्या यही हो । एक घण्टामात्र बाँदर बालीमा पस्यो भने वर्षभरि खाने अन्न सखाप पार्छ । त्यही भएर जमिन बाँझो छाड्नु हाम्रो बाध्यता बनेको छ ।” पछिल्लो समयमा बाँदर अटेरी बन्दै गएपछि धपाउन झन् समस्या भएको बोखिमका किसान गङ्गा प्रधानले बताए । बाँदरको उपद्रोका कारण खेतबारीमा लगाएको बाली समय नै नपुगी उठाउनुपर्ने अवस्था रहेको उनको भनाइ छ ।

“बाँदरले खेतबारी अन्न पाक्न दिँदैन”, उनले भने, “जो-कोहीले बारीमा आएका बाँदर धपाउन सकिने अवस्था छैन । सदादिन युवाले हेरचाह गरेर पनि सम्भव छैन । वृद्धवृद्धा, महिला तथा केटाकेटीलाई बाँदरले टेर्दैन । बाँदरको डरले अन्नबालीलाई समय नपुग्दै उठाउनुपर्ने अवस्था छ ।”

» बाकी ६ पृष्ठमा

## ७ गते शुरु भएको अभियान आजसम्म पनि जारी



**काठमाडौं–** काठमाडौमा दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले मंसिर ७ गतेवाट जनविद्रोह भएको बताएको छ । उक्त समूहले त्यहि ७ गते काठमाडौको माइतीघर मण्डलामा जम्मा भई पिडिहरुको माग सम्वोधन गर्न अग्रीम जानकारी दिएको थियो । सोही दिन नै पारेर युवा संघ नेपालले पनि त्यही स्थानमा कार्यक्रम गर्ने घोषणा गरेपछि दंगा भडटकने सम्भावना देखेर प्रशासनले युवा संघलाई तिनकुनेमा र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानलाई बल्खुमा ठाँउ तोकिदिएको थियो ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले ७ गते विशाल जुलुस निकालेर आफ्ना मागहरु, नाराहरु लगाउदै बल्खुवाट शंखघोष गरेको छ । आफ्ना मागहरु पुरा नहुनजेल अभियान नरोक्ने बताएको थियो । उसले दैनिक रुपमा कार्यक्रम गर्दै आएको छ । उसले राजतन्त्र स्थापना गर्न पनि माग गरेको छ । त्यही दिन युवा संघले पनि तिनकुनेमा आन्दोलन जुलुस निकालेको थियो । र कोणसभा गरी समापन गरेको थियो ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानमा नेपालका सन्त, धर्म गुरुहरु समेत सहभागी भएकाछन् । उक्त राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले उठाएका माग र आन्दोलनको बिषयमा २०६३ सालमा दिल्ली सम्झौतामा सहाभागी राजनीतिक पार्टीहरु एक ठाउमा उभिएकाछन् ।

उनिहरु प्रधानमन्त्री निवासमा जम्मा भई परिवर्तनको रक्षा गर्नुपर्ने बताएकाछन् । त्यसमा प्रतिपक्ष भनिएको तर सरकारको प्रवक्ता जस्तो देखिने एमालेले राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको बिरुद्धमा लागेको देखिन्छ । त्यसकारण १२ वुदे दिल्ली सम्झौताधारी र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानबीचको लडाई धेरै परसम्म जाने देखिन्छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले उठाएको राजतन्त्रको पुनस्थापना गर्ने मागलाई धेरै मानिसहरुले पछिल्ला दिनहरुमा मन पराएको देखिन्छ । त्यो भन्ने आधार बल्खुमा जम्मा भएका हजारौको संख्याका मानिसहरु, त्यसैगरी लगातार आन्दोलनमा सहभागी मानिसहरुको माग समर्थन बढ्दै गएको देखिन्छ ।

नेपालका प्राज्ञिक व्याक्तिहरु समेत अचेल खुलेर नै राजतन्त्रको पक्षमा वकालत गरिरहेकाछन् । उनिहरुको तर्क गणतान्त्रिक व्यवस्था स्थापना पछि आर्थिक रुपमा देश टाट पल्टिन लागेको बिभिन्न खालका बिकृतिहरु आएको जस्ता कमजोरी बर्तमान व्यवस्थामा रहेको तर्क विज्ञहरुले पेश गरिरहेका छन् ।

यी आधारहरुलाई मान्दा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले लिएको मुद्दाले उनिहरुले भनेको जस्तैगरी दिर्धकालीन रुपमा अगाडी बढ्ने देखिन्छ ।

विगतका आन्दोलन, द्वान्द्धले ग्रस्त मानसिक रुपमा तनाव व्यहोरेका नेपाली नागरिकहरुलाई पुनः अर्को द्वन्द्धमा देश फस्ने होकी भनेर चिन्ता लागेको छ । शान्तिपुर्ण आन्दोलन गर्न पाउने नैसंर्गिक अधिकार संविधानले नै सुरक्षित गरेको छ । तर हातहत्तियार सहितको द्वान्द्ध पुनः नेपालले व्यहोर्नु नपरोस भनेर सर्वसाधरण नागरिकहरु

» बाकी ६ पृष्ठमा

## पर्यटन विधाको ठूलो करदाताको रूपमा मनकामना दर्शन प्रा.लि सम्मानित




**काठमाडौं–** मुलुकको अग्रणी केबुलकार सेवा सञ्चालक कम्पनी मनकामना दर्शन प्रा.लि पर्यटन विधाबाट सबैभन्दा बढी आयकर तिर्ने करदाताको रुपमा सम्मानित भएको छ ।

मनकामना दर्शनले आर्थिक वर्ष २०७८/७९ मा पर्यटन व्यवसाय सञ्चालन गरिरहेका कम्पनीमध्ये सबैभन्दा बढी आयकर तिरेकाले सरकारले सम्मान गरेको हो । सरकारले २०८० सालको राष्ट्रिय कर दिवसको अवसर पारेर बिहीवार कम्पनीलाई सम्मानित गरेको हो । सो अवसरमा सबैभन्दा बढी कर दाखिला गर्ने विभिन्न विधाका १६ करदाता सम्मानित भएका थिए ।

प्रतिष्ठित व्यवसायी स्वर्गीय लक्ष्मणबाबु श्रेष्ठले स्थापना गर्नुभएको मनकामना दर्शन प्रालिले २०५५ मंसिरदेखि चितवनको इच्छाकामना गाउँपालिका, चेरेशबाट गोरखाको मनकामना मन्दिरसम्म केबुलकार सेवा सञ्चालन गर्दै आएको छ । कम्पनीले देशका अन्य भागमा पनि केबुलकार सञ्चालन गरिरहेको छ ।


## तीनकुनेमा प्रदर्शन गर्न हिडेका राजावादी अभियन्ताहरू पक्राउ

**काठमाडौं–** दुर्गा प्रसाईंले आह्वान गरेको प्रदर्शनमा सहभागी हुन हिँडेका राजावादी संगठनका व्यक्तिहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा शाही युवा शक्ति नेपालका अध्यक्ष पशुपति खड्का, मनिन्द्रराज भण्डारीसहित ५ जना रहेको जिल्ला प्रहरी परिसर, काठमाडौंका एसपी कुमोध ढुंगेलले बताए । प्रसाईंले शुक्रबार तिनकुनेमा प्रदर्शन गर्ने घोषणा गरेका थिए ।



तर, जिल्ला प्रशासन कार्यालय, काठमाडौंले विज्ञप्ति जारी गर्दै तिनकुनेमा कार्यक्रम गर्न प्रसाईंलाई अनुमति नदिइएको बताएको थियो । त्यसपछि प्रहरीले प्रसाईंको आन्दोलनमा आउनेलाई ठाउँठाउँमा तितरवितर पार्न थालेको हो । भक्तपुरस्थित दुर्गा प्रसाईंको घरमा प्रहरीले सुरक्षा दिएको छ ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १६, २०८० साल मंसिर १२ गते मंगलबार (Nov 28, 2023)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### देशलाई अस्थिरतामा लैजाने कार्यले कहिल्यै जनताको हित गर्दैन ।

नेपालको ७०/८० बर्ष अघि देखिको अस्थिता हेर्ने हो भने आजसम्म आई पुग्दा तिनै अस्थिरतका कारणले देशको हित नभएको जनताले दुख: पाएको पुष्टि नै भईसकेको छ । अस्थिरतामा नेपालले उत्पादन,व्यपार, व्यवसाय, सञ्चालन गर्न अवरोध पुग्ने,बैदेशिक होस् वा स्वदेशी लगानीकर्ता निरुत्साहित हुने अस्थिरता गराईराख्न लागेकाहरुले उत्पादन केही नगर्ने, अस्थिरताको वेला कुटनीति, शैक्षिक नीति, देशको महत्वपूर्ण नीतिहरु प्रभावित हुने र त्यसले जनतालाई देशलाई नोक्सान पुऱ्याउने काम हुदै आएको छ ।

यस्ता अस्थिरताहरु बनाई राख्न राजनीतिक पार्टीहरु नेपालमा क्रियाशील छन् । किनकी उनिहरुको काम नै अस्थिरता कायम राख्नको लागि कसैले अहराएको जस्तो देखिन्छ । उनिहरुले गर्ने गरेको काम पार्टी संगठन भन्दै कहिले कता जुलुस, कहिले कता धर्ना, कहिले राके जुलुस, कहिले कता तोडफोड कहिले कता सभा, नेपालका बस्तु उत्पादन गर्ने कलकारखानमा मजदुर संगठनको नाममा तोडफोड गरेर स्वदेशी उद्योग बन्द गराउने जस्ता काम मात्र गरिरहेको देखिन्छ ।

यसरी मानिस बराल्ने पार्टीले गर्ने अधिवेशन, सभा, भेलाको लागि पुन: नेपाली जनताले चन्दा दिनुपर्ने जहाँकी यस्ता अस्थिरताका कारण आम्दानीमा हृस आईरहेको वेला आर्थिक भार थप्ने काम यिनै यस्तै पार्टी, संगठनहरुले गर्दै आएकाछन् । उनिहरुको माग पुरा नहुदा विद्रोह, युद्ध समेत गरेर नेपाललाई द्वान्द्धमा फसाएर नेपालीहरुलाई अल्झाएर देशलाई सधै नोकसान पुऱ्याउदै आएकाछन् ।

त्यस्तै त्यस्तै गरिरहन अहराउने पार्टीको पछि जनतालाई लगाईनै राखेकाछन् । कहिले के अभियान, कहिले के अभियान, ति मान्छे जम्मा गरेर बरालेर केही परिणाााम आउदैन । परिणाम नदिने तर राजनीति पार्टीले आृनो भोट बढाउन गर्ने तरिका मात्र हो । त्यो पनि निहित व्याक्तिहरुका लागि मात्र त्यस्तै त्यस्तै गरिरहन अर्को केही न केही उपाय लगाएर नेपालमा अस्थिरता कायम राख्न अनेक खालका दाउँहरु गरिरहेको जस्तो देखिन थालेको छ ।

नेपाल देशलाई अस्थिरतामा लैजान दिनुहुदैन । किनकी नेपाली जनताले विगतमा यस्ता अनुपादक गफ दिने राजनीतिक पार्टीका नेताहरुले झुट्टा भाषण, गफ लगाएर उल्टै भएका कलकारखाना नीजिकरण गरे, बन्द गराए, देशका मानिसलाई देशभित्र बेरोजगार बनाएर देश वाहिर पठाए ।

यसको मुख्य कारण राजनीतिक पार्टीहरुले देशमा निम्त्याएको अस्थिरता नै हो । त्यतिवेला शुरु भएको अस्थिरता आजसम्म कायम छ । राजनीतिक पार्टीहरु सच्चिने, सुधारिने छाटकाट कतै देखिदैन । अझै पनि मानिस बराल्न लालयितछन् । कहिले कता कहिले कता हजारौ मासिन राजनीतिक पार्टीको भाषण सुन्न जान तयार तर ढिलो गरी विकास काम हुने देशमा जलविद्युत बनिरहेका ठाउमा,सडक वनिरहेका ठाउँमा, भवन वनाईरहेका ठाउँमा श्रमदान हजारौले महिनाको एक दिन मात्र पनि गर्दा कति छिटो काम हन्थ्यो होला कल्पना गरौ । विकासको सपना देखौ । काम गरौ पुरा गरौ भनेर लाग्यो भने के नेपाल बन्दैन र ? यस्तो राम्रो देशलाई हित हुने काम गर्न छोडेर जिन्दावाद, मुर्दावाद, नारा, जुलुस्, धर्ना, युद्ध चौविसै घण्टा गफ लगाउन सक्ने तर एक मिनेट काम गर्न अल्छी मान्ने पार्टीका नेता, त्यस्तै नेताको कुरा सुनेर विग्रेका कार्यकर्ता तिनै विग्रेका कार्यकर्ताले सिकाएका जनता तिनै विग्रेका कार्यकर्ताले सिकाएको नकरात्मक शिक्षा पाएका जनताले जन्माएका सन्तानको मनोवृति देशमा यस्तै अस्थिरताहरुमा रमाउने विकराल चलन छ ।

यस्तो चलनलाई सकरात्मक आन्दोलन शान्तिपूर्ण ढंगवाट परास्त गरेर सकात्मक सोचका साथ नीति, विधि, विधान, बनाएर तत्कालको तत्कालै परिणाम आउने, तत्कालीन नीति, मध्यकालीन नीति, दिर्धकालीन नीति आजको अवश्यकता हो । तर त्यस्तै भईराखेको छैन । अस्थिरतामा देशलाई फसाउन र सिमित हत्तियार तस्करहरु, माफियाहरु, सक्रीय भईराखेको देखिन्छ । जनताले यस्ता देश विरोधि मानवता विरोधि तत्वहरुलाई चिनेर तीनिहरुले अस्थिरतावादी तत्वहरुलाइ बढाउन जनताले असफल बनाउनुपर्छ । देश सफल बनाउनुपर्छ । जनता खुशी बनाउनुपर्छ ।

# नगर सरसफाइ तथा हरियाली प्रर्वधन अभियान



कृष्णप्रसाद सापकोटा

नेपालमा स्थापना भएका नगरपालिकाको ऐतिहासिक पक्ष केलाउने हो भने सफाइ अड्डाको रुपमा नगरपालिकाको स्थापना भएको देखिन्छ । चन्द्रशमशेर जबराले आफू हिँड्ने बाटो फोहोर भएको महसुस गरी वि.सं १९७६ पुस २ मा सफाइ अड्डाको स्थापना गरे । कालान्तरमा उक्त सफाइ अड्डा नगरपालिका हुँदै महानगरपालिका बन्यो । सरसफाइलगायतका नागरिकका आधारभूत विषयहरु व्यस्थापनका लागि नगरपालिका गठन गर्ने कानुनी प्रबन्ध भएअनुसार थप नगरपालिका गठन हुँदै गए । संघीय शासन प्रणालीपश्चात् स्थानीय सरकारका रुपमा नगरपालिकाहरु क्रियाशील रहेका छन् । यसर्थ नगरपालिकाले सरसफाइलाई प्रमुख प्राथमिकतामा राख्नुपर्दछ । अधिकांश नगरपालिकाले सरसफाइ र फोहोरमैला व्यवस्थापनमा ठूलो लगानी गरेका पनि छन् ।

नगर सफाइ र हरियाली प्रवर्द्धनको शुरुवात

यो अभियानको प्रेरणाको स्रोत बाग्मती सरसफाइ महा अभियान हो । उक्त अभियानका प्रमुख अभियन्तामध्ये तत्कालीन मुख्य सचिव लीलामणि पौड्याल र डा. राजु अधिकारी हुनुहुन्छ । बाग्मती सरसफाइ महाअभियानको शुरुवाती समयमा मलाई पनि टिममा बसेर अनुभव हासिल गर्ने मौका मिलेको थियो । म आफू प्रधानमन्त्री कार्यालयमा कार्यरत रहँदासम्म उक्त अभियानमा सक्रिय सहभागिता जनाएको थिएँ । त्यसपछि मैले जिम्मेवारी सम्हालेका सबै नगरपालिकामा यो अभियान शुरु गरियो । सन्धिखर्क नगरपालिका, घोराही उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, वाणगंगा नगरपालिका, कीर्तिपुर नगरपालिका, बर्दघाट नगरपालिकामा यो अभियान चलिरहेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा कार्यरत रहँदासमेत सिंहदरबार सरसफाइ अभियानको थालनी गरिएको थियो । सरसफाइ र हरियाली प्रवर्द्धन नागरिकको जीवनपद्धतिको रुपमा अंगिकार गर्न सबैलाई प्रेरणा दिन, अभियानमा सबैलाई जोड्न प्राथमिकताका साथ सञ्चालन गरिँदै आइएको छ ।

स्थानीय तहहरुमा समय-समयमा नगर सफाइ र हरियाली प्रवर्द्धन अभियान सञ्चालन भइरहेको छ । तिलोत्तमा नगरपालिकाले नगर सरसफाइ र हरियाली प्रवर्द्धनको सयौं शृङ्खला भव्यताका साथ सम्पन्न गऱ्यो । त्यसै गरी बुटवल उपमहानगरपालिकामा तिनाउ नदी सरसफाइ अभियान, राजमार्ग सरसफाइ अभियानलगायतका विभिन्न अभियान शुरुवात भए तापनि ती निरन्तर र शृङ्खलाबद्धरुपमा चल्न सकेका छैनन् । यद्यपि टोल सफा गर्ने, वृक्षरोपण गर्ने कामहरु उपमहानगरपालिकाभित्र बाक्लै देख्न सकिन्छ ।

मुख्य सचिव लीलामणि पौड्याल बाग्मती सरसफाइ अभियान अन्तर्गत दुर्गन्धित बाग्मतीमा प्रवेश गर्दा मुख्य सचिव भएर नीति बनाउने हो कि ? बाग्मतीको दुर्गन्ध सफा गर्न हिँड्ने हो ? भनेर आलोचना गरियो ।

त्यसै गरी प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखले सरसफाइ अभियानको नेतृत्व गरिरहँदा सोही किसिमका आलोचना गर्नेहरु निकै भेटिए । तर, यो अभियान निरन्तर चलिरह्यो । अन्ततोगत्वा अड्डाको स्थापना दिवस, लोकतन्त्र दिवस, प्रजातन्त्र दिवस, प्रदेश स्थापना दिवसलगायत हरेक महत्वपूर्ण दिवस, महोत्सव, कार्यक्रममा सरसफाइ अभियान जोडिनुका अतिरिक्त प्रमुख जिल्ला अधिकारीले आफ्नो पदभार ग्रहण गर्दा सरसफाइ अभियान सञ्चालन गर्ने, रुख रोप्ने, अड्डा सफा गर्नेलगायतका अभियानहरु चल्दै आएका छन् । मुख्य सचिव प्रमुख प्रशासकीय अधिकृतले सरसफाइ अभियान सञ्चालन गर्दा आलोचना गर्नेहरु नै अहिले सरसफाइ अभियानमा कुचो लिएर हिँडेको देखिन्छ । त्यसै गरी बाग्मती सरसफाइ महाअभियानमा राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीलगायत विशिष्ट व्यक्तिहरुको सहभागिता बढ्दो छ । यसले के सन्देश दिन्छ भने, समाज परिवर्तन र नागरिकको माइन्डसेट परिवर्तनका लागि प्रयोग गरिने विभिन्न औजारहरुमध्ये आफैँ रोलमोडल बन्ने र कुचो समात्नु पनि एउटा काइदा हो भन्ने विषयलाई प्रमाणित गरेको छ ।

सृष्टि एक दृष्टि अनेक

यो अभियान हेर्दा सामान्य लाग्छ । तर यसमा निकै ठूलो नैतिक बल लुकेको छ । यसले स्थानीय सरकारका सयौं कामलाई जोड्ने, एकीकृत गराउने, नागरिक समाजलाई लयबद्ध गरी समग्र स्थानीय तहको विकासमा अगाडि बढाउने, परिचालन गर्ने काममा सहयोगी भूमिका निर्वाह गरेको छ । यो अभियानमा आफैँमा बहुआयामिक विषय हो । यसले धेरै कुराको डिमान्ड गर्दछ । अभियान केवल सडक सफा गर्ने मात्र होइन । सरसफाइ र हरियाली प्रवर्द्धनलाई जीवनपद्धतिको रुपमा विकास गर्ने मन्त्र पनि हो । हालसम्म गरिएका अभ्यासलाई मसिनो गरी केलाइयो भने पनि यी सबै कुरालाई सजिलै प्रमाणित गर्न सकिन्छ । सरसफाइ अभियानको एउटा वृक्ष हो । क्रमश: यो झाङ्गिँदै जान्छ, सबैलाई शीतलता प्रदान गर्न समष्टिमा एउटा ठूलो पीपलको रुखजस्तै भएर झाङ्गिन्छ, जसलाई केही आयामिक दृष्टिले देहायबमोजिम विश्लेषण गर्न सकिन्छ।

प्लास्टिकजन्य वस्तु न्यूनीकरण गर्ने अभियान

सडक सरसफाइ गर्दा प्लास्टिकका झोला यत्रतत्र फालिएको पाउँछौं । जथाभावी फालिएका झोलाहरु पुनः प्रयोग गर्नुपर्ने वा निश्चित माइक्रोनभन्दा कमका झोलाहरु प्रयोग गर्न नपाउने नियम बनाउनुपर्ने माग गर्दछ, सो बनाउन झकझकाउँछ । अझै गहिराइमा पुग्दा वातावरणसम्बन्धी ऐन-कानुनको पूर्ण परिपालना गर्नुपर्ने कुरालाई जोडदार तरिकाले उठाउँछ । घरबाटै झोला बोकेर बजार जानुपर्ने बानीको विकास गराउँछ । घरमा प्लास्टिकका सामना प्रयोगमा कमी ल्याई परम्परागत सामानको प्रयोगमा जोड दिनेलगायत पारिवारिक सभ्यताको पुनर्जागरणको शुरुवात गराउन मद्दत पुऱ्याउँछ । प्लास्टिकका गिलासमा तातो चिया पिउन बन्देज लगाउँछ । विवाह, पार्टीलगायतका कार्यक्रममा पत्रुस्तरका प्लास्टिकका झोला प्रयोगमा बन्देज लगाउँछ । यो अभियान नजिकैको तिलोत्तमा नगरपालिकाबाट सिक्न सकिन्छ ।

फोहोरको वर्गीकरण र सफा होटेल अभियान

कुहिने फोहोर र नकुहिने फोहोर अलग-अलग वर्गीकरण गर्नुपर्ने बाध्यकारी नियम, फोहोर वर्गीकरण अभियान, फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने परियोजना, नदीकिनारमा फोहोर नफाल्ने साथै नदी सफाइ अभियान शहरका कुनाकाप्चामा फोहोर नफाल्ने, फोहोरमैलासम्बन्धी कानुन कार्यान्वयनलगायत समुदायमा आधारित फोहोर व्यस्थापन पद्धति माग गर्दछ र यी काम सम्पन्न गर्नको लागि प्रेरित गर्दछ । यसको उदाहरणको लागि घोराही उपमहानगरपालिका र बर्दघाट नगरपालिकालाई लिन सकिन्छ ।

सरसफाइ अभियानको कुरा केवल सडकको मात्र होइन, होटल र रेस्टुरेन्टको सफाइ पनि हो । बाहिर चिटिक्क सजाइएका तर भित्र निकै फोहोर थुपारिएका होटलहरु, विभिन्न नामले ब्रान्डिङ गरिएका मिठाईहरु, नास्ता पसल, होटलले खुवाउने खानाको गुणस्तरलगायत नागरिकको स्वास्थ्यसँग जोडिएका सयौं विषयहरुलाई सानो अभियानले ठीक ठाउँमा ल्याउन सक्छ । होटलमा प्रयोग गरिएका बालश्रमिकहरुको अनुगमनलाई समेत यो सरसफाइ अभियानले तानेको छ ।

एक घर दुई बिरुवा अभियान

यो अभियानले सरसफाइका अतिरिक्त हरियाली प्रवर्द्धन कार्यक्रमलाई समेत उच्च महत्व राख्छ । स्थानीय सरकारले केवल नीतिगत स्पष्टता र विकासको बलियो दृष्टिकोण निर्माण गर्दा मात्र सानो लगानीले ठूलो उपलब्धि हासिल गर्न सकिन्छ । एक घर दुई बिरुवा अभियानलाई घरको नक्सापासको प्रक्रिया शुरु हुने बेलामा अनिवार्य गर्दा सेवाग्राहीले आर्थिक दायित्व सृजना भएको महसुस पनि नगर्ने र प्रत्येक घरमा दुईवटा बिरुवा सजिलै हुर्कन सक्छन् । त्यसै गरी घरको अभिलेखीकरणको प्रक्रियामा समेत कुनै न कुनै एङ्गलबाट एक घर दुई बिरुवाको नीति लागू गराउन सकिन्छ । यो अभ्यास गरी आएको विषय पनि हो । आर्थिक क्रियाकलापसँग जोडिएका बिरुवा रोप्ने प्रबन्ध मिलाउन सकिन्छ । यसको लागि स्थानीय नेतृत्वको लगाव, सोच, इमानदार प्रयासको खाँचो रहन्छ ।

स्थानीय सरकारलाई समृद्ध र भाइब्रेट बनाउनको लागि नगरले सिटी फ्लावर छनौट गरी प्रत्येक घरमा रोपण गर्न आह्वान गर्ने, यसो गर्दा प्रत्येक घरमा शहरको फूल लगाउँछन् । यसबाट हरियाली प्रवर्द्धन र शहरी सौन्दर्यकरण स्वत: झल्कन्छ ।

विशेष दिनमा वृक्षरोपण

आफन्तको जन्मदिन र म्यारिज एनिभर्सरीमा शुभकामना दिने नयाँ पुस्तलाई आफ्नो र परिवारको जन्मदिनमा एउटा बिरुवा रोप्ने अभियानमा आकर्षित गर्ने, अनिवार्य बनाउने, सहजीकरण गर्ने गरियो भने प्रत्येक वर्ष लाखौँ बिरुवा रोपिने हुन्छ । त्यसलाई स्याहारिन्छ र हुर्काइन्छ । यो कार्यक्रमले स्वत: हरियाली प्रवर्द्धनमा टेवा पुऱ्याउँछ नै।

स्थानीय सरकार मातहतका सबै सहकारी, संघ-संस्थाहरुले आफ्नो साधारणसभा र वार्षिक उत्सव मनाउँदा वृक्षरोपणलाई अनिवार्य गराउनुपर्ने हुन्छ । वार्षिक उत्सवको तामझामपूर्ण खर्चमा केही बिरुवा रोप्ने खर्च घुसाउँदा आर्थिक दायित्व बढेको महसुस पनि हुँदैन । स्थानीय सरकारको कामलाई टेवासमेत पुग्छ ।

जनप्रतिनिधिहरुले आफूले पदबहाली गरेको दिनको सम्झनामा वृक्षरोपण गर्ने परम्पराको थालनी गर्न यसले घचघच्याउँछ । जनप्रतिनिधिहरुले असल अभ्यासको थालनी गरेमा क्रमश: संस्थागत हुँदै जाने र वातावरण संरक्षणमा सकारात्मक योगदान पुग्छ । तिलोत्तमाका पूर्वप्रमुख बासुदेव घिमिरेद्वारा यसको शुरुवात गरिएको थियो ।

आफ्नो विद्यालय परिसर वा खाली जमिन रहेको स्थानमा विद्यालयको व्यवस्थापनमा एक विद्यार्थी दुई बिरुवाको अभियान शुरु गर्न सकिन्छ । यसले विद्यार्थीलाई वातावरणप्रति सचेत रहने र वातावरणलाई माया गर्ने बानीको विकास गराउँछ । तिलोत्तमा नगरपालिकाको शान्ति नमुना माध्यमिक विद्यालयले यो अभियान शुरु गरेको थियो ।

मातापिताको सम्झनामा विभिन्न पुण्य कार्य गर्ने व्यक्तिहरुलाई लक्षित गरेर वृक्षरोपण अभियानमा जोड्नु पनि यो अभियानको अर्को दृष्टि हो । २०७४ मा घोराही उपमहानगरपालिकामा यो अभियान शुरु भएको हो । तर अभियानको रुपमा नभई कार्यक्रमको रुपमा सञ्चालन भएको हुँदा यो अपेक्षाकृत फैलिन सकेन । यद्यपि यो कार्यक्रमलाई अभियानको रुपमा लैजान सकिन्छ । घोराही उपमहानगरपालिकाद्वारा यो अभियान शुरु गरिएको थियो । सडकको दुवै किनारमा बिरुवा लगाउनका लागि कालोपत्रे वा सडक ग्राभेलकै बखत लागत अनुमानमा नै यो पनि समावेश गर्नुपर्छ । शहरलाई सुन्दर, सफा, हरियाली र मनमोहक बनाउने प्रमुख अस्त्र नै सरसफाइ, हरियाली र शहरी सौन्दर्यकरण हो । सडक निर्माण लागत अनुमान तयार गर्ने क्रममा नै बिरुवा रोप्ने कामलाई समेत लागत अनुमानमा समवेश गरी सोही अनुसार सम्पादन गर्ने प्रबन्ध मिलाउनुपर्ने हुन्छ ।

यो काम बर्दघाट नगरपालिकाले नीतिगतरुपमा सम्बोधन गरेको छ । शायद आगामी आर्थिक वर्षबाट कार्यान्वयनमा लैजान्छ होला । योभन्दा अगाडि घोराही उपमहानगरपालिकले प्रचलनमा ल्याएको थियो । सडकका वरिपरि बिरुवा रोप्ने, जोगाउने, हुर्काउने, पानी दिने र सम्भार गर्ने काम यो अभियानभित्र पर्दछ । यो अभियान घोराही उपमहानगरपालिकाले २०७४ मा सडक बोर्डका आयोजनाका हकमा अनिवार्य गरेको थियो ।

वातावरण-मैत्री स्थानीय शासन कार्यक्रमसँग तालमेल

विश्वसमुदाय जलवायु परिवर्तनको चपेटामा परिरहेको अवस्थालाई ध्यानमा राख्दै सरकारले वातावरण-मैत्री स्थानीय शासन कार्यक्रम लागू गरेको छ । यो कार्यक्रमको माइलस्टोनको रुपमा नगर सफाइ कार्यक्रमका बहुआयामिक अभियानहरु पर्दछन् । यो कार्यक्रमलाई पनि सँगसँगै लैजानुपर्दछ भन्ने माग यो अभियानले राख्छ ।

बर्दघाटको अभ्यास

स्थानीय सरकारको एकल प्रयास र लगावले मात्र अपेक्षाकृत नजिता हासिल गर्न सकिँदैन । अपेक्षाकृत नजिता प्राप्तिका लागि शासन व्यवस्थापन तीनवटा क्षेत्रको हिस्सेदारी र साझेदारी आवश्यक मानिन्छ । सरकार, निजी क्षेत्र र सामाजिक क्षेत्रलाई विकासका विभिन्न आयामहरुमा सहभागिता गर्दै लैजाने मनसायका साथ गत भदौदेखि प्रत्येक महिनाको पहिलो र अन्तिम शनिबार यो अभियान » बाकी ६ पृष्ठमा

# टिकटक चलेको भए खबर गर्न नेपाल टेलिकमको आग्रह




**काठमाडौँ–** नेपाल दूरसञ्चार प्राधिकरणले टिकटक प्रयोग पहुँच भइरहेको पाइएमा सोको खबर गर्न आग्रह गरेको छ । नेपाल सरकारले सामाजिक सद्भावमा असर परेको भन्दै प्रतिबन्ध लगाएपछि दूरसञ्चारले उक्त निर्णय कार्यान्वयन गराएको हो ।

नेपालमा अझै पनि टिकटक प्रयोग भइरहेको हुनसक्ने भन्दै प्राधिकरणले त्यस्तो भेटिए खबर गर्न एक सार्वजनिक सूचना जारी गरेको हो । सरकारको निर्णय कार्यान्वयनका लागि सबै इन्टरनेट सेवा प्रदायक र मोवाइल सेवा प्रदायकलाई पत्र पठाएर टिकटक बन्द गर्न निर्देशन दिएको थियो ।

टिकटकमा पहुँच पुगेको भए टिकटक चलिरहेको वा प्रयोग भइरहेको भए प्राधिकरणको इमेल ठेगाना अयलतभलत२लतब.नयख.लउ मा इमेल गरी त्यस्तो कम्पनीका बारेमा जानकारी गराउन हुन इन्टरनेट सेवाग्राहीहरुलाई उक्त सूचनामार्फत अनुरोध गरिएको छ ।

# राष्ट्रपति पौडेल र प्रधानमन्त्री प्रचण्डबीच भेटवार्ता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भेटवार्ता गरेका छन् ।

बुधबार विहान शितल निवासमा भएको भेटमा राष्ट्रपति पौडेल र प्रधानमन्त्री प्रचण्डबीच मुलुकको समसामयिक विषयमा छलफल भएको राष्ट्रपति पौडेलका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए । पोखरेलका अनुसार राष्ट्रपति पौडेलले भूकम्प प्रभावित जिल्लाहरूमा राहत तथा पुनर्स्थापनाको कार्यलाई थप प्रभावकारी बनाउन ध्यानाकर्षण समेत गराएका थिए ।



# भिजन लुम्बिनी ऊर्जाको आईपीओ बाँडफाँट




**काठमाडौं–** भिजन लुम्बिनी ऊर्जा कम्पनीको प्राथमिक सेयर (आईपीओ) बाँडफाँट भएको छ ।

कुल २ लाख ७ हजार ५२५ जनाले कम्पनीको सेयर प्राप्त गरेका छन् । तीमध्ये ५ जनाले ११ कित्ता पाएका छन् भने अरु सबैले १० कित्ताका दरले पाएका छन् । बिक्री प्रवन्धक मुक्तिनाथ क्यापिटलका अनुसार कम्पनीको आईपीओमा ११ लाख ५६ हजार ९२७ आवेदक योग्य ठहरिएका थिए । तीमध्येबाट गोलाप्रथा गरी आईपीओ बाँडफाँट गरिएको क्यापिटलले जनाएको छ । ९ लाख ४९ हजारको हात खाली भएको छ ।

यसको नतिजा आईपीओरिजल्ट डट् सीडीएससी डट्कमडट् एनपी'बाट हेर्न सकिनेछ । कम्पनीले यसअघि सर्वसाधारणका लागि कात्तिक १६ देखि २० गतेसम्म कुल २० लाख ७५ हजार २८५ कित्ता आईपीओ खुलाएको थियो । कम्पनीले कास्कीको माछापुच्छे गाउँपलिकामा २५ मेगावाटको सेती नदी जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

आयोजनाको कुल अनुमानित लागत ५ अर्ब २० करोड रुपैयाँ रहेको र प्रतिमेगावाट कुल अनुमानित लागत २० करोड ८० लाख रुपैयाँ रहेको छ ।

# बल्खुमा दुर्गा प्रसाई समूहको प्रदर्शन

**काठमाडौं–** काठमाडौंको बल्खुमा बिहीबार दुर्गा प्रसाई नेतृत्वको समूहले प्रदर्शन गरेको छ ।


राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउका लागि भन्दै प्रसाई समूहले प्रदर्शन गरेको हो । काठमाडौंको विभिन्न ठाउँबाट बल्खुमा पुगेका प्रदर्शनकारीले चक्रपथमा यातायात अवरुद्ध गरेका छन् ।

उनीहरुले राष्ट्रिय झण्डासहित प्रदर्शन गरेका छन् । प्रदर्शनका कारण चक्रपथमा यातायात सञ्चालन हुन सकेको छैन । प्रदर्शनकारीहरु बल्खुबाट माइतीघरतर्फ जाने भन्दै कालीमाटीतर्फ अघि बढ्न खोजेपछि प्रहरीले रोकेको छ । त्यस क्रममा प्रहरीसँग धकेलाधकेल भएको छ ।



प्रसाई समूहले काठमाडौंको माइतीघरमा प्रदर्शनको कार्यक्रम राखे पनि सरकारले त्यहाँ निषेधित घोषणा गरेर बल्खुमा प्रदर्शनस्थल तोकेको थियो । जनप्रशासन क्याम्पसवाहिरको सडकमा प्रदर्शनको लागि तोकेपनि प्रदर्शनकारीहरु चक्रपथमा आएका थिए ।चक्रपथमा बिहीबार विहान युवा संघका कार्यकर्ता र प्रसाईंका समर्थकबीच केहीबेर सामान्य झडप भएको थियो ।

# कैलालीमा ट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु, १७ जना घाइते



**धनगढी–** कैलालीमा मिनी ट्रक दुर्घटना हुँदा एक जनाको मृत्यु , १७ जना घाइते भएका छन् ।

भीमदत्त राजमार्गअन्तरगत गोदावरी नगरपालिका–४ मा सोमबार साँझ से१ख १४३८ नम्बरको मिनी ट्रक दुर्घटना हुँदा डोटीको जोरायल गाउँपालिका–२ की ५८ वर्षीया शोभा बिकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सुदूरपश्चिम प्रदेश ट्राफिक प्रहरी कार्यालय अत्तरियाका अनुसार बिकको घटनास्थलमै मृत्यु भएको हो भने ट्रकमा सवार अन्य १७ जना घाइते भएका छन् । उनीहरुमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ । घाइते सबै डोटीको जोरायल गाउँपालिका क्षेत्रका रहेको प्रहरीले जनाएको छ । घाइतेहरुको धनगढीको सेती प्रादेशिक अस्पताल, माया मेट्रो अस्पताल र अत्तरियाको पद्मा अस्पतालमा उपचार भइरहेको छ ।

दुर्घटनापछि मिनी ट्रक चालक फरार भएका छन् । तिहार मनाएर पहाडी जिल्लाबाट तराई फर्किनेहरुको भीडभाडका कारण सार्वजनिक गाडीमा सिट नपाएर उनीहरु मिनी ट्रकमा आएको हुनसक्ने प्रहरीले जनाएको छ ।

# रामेछाप डायरी

## रामेछापमा लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान शुरू

लैगिक हिंसाविरुद्धको १६ दिने अभियान रामेछापमा शुरु भएको छ । ' लैंगिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिकामा लगानीको ऐक्यवद्धता' भन्ने नाराका साथ रामेछाप नगरपालिकाले रामेछाप बजारमा जनचेतनामुलक प्रभातफेरी तथा नगरपालिकाको कार्यालयमा दिप प्रज्वलन गरेर अभियानको शुभारम्भ गरेको हो । रामेछाप नगरपालिकाबाट निकालिएको प्रभातफेरी माथिल्लो बजार,तल्लो बजारको मानेँडाँडा पुगेर पुन नगरपालिकाको कार्यालयमा आएर कोणसभामा परिणत भएको थियो ।



कोणसभालाई सम्बोधन गर्दै नगरपालिकाका उपप्रमुख बाल कुमारी कार्कीले लैंगिक हिंसा अन्त्य गर्न सबै आआफ्नो ठाँउबाट एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । उहाँले १६ दिने अभियानभर मात्रै नभई बर्ष भरी नै सबै नागरिक सचेत भएर लाग्न सके मात्रै हिंसा अन्त्य हुने बताउनुभयो । आर.वि.पी डब्लु रामेछाप,महिला जागृती सहकारी र रामेछाप नगर उद्योग वाणिज्य संघसँगको सहकार्यमा १६ दिनसम्म विभिन्न कार्यक्रहरु गरेर मनाइने महिला तथा बालबालिका शाखाका प्रमुख विमला कमारी शर्माले बताउनुभयो ।

हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान मनाईदै आएको छ । सन् १९८० को दशकदेखि नै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवस मनाउँदै आए पनि सन् १९९९ मा संयुक्त राष्ट्रसंघले यसको अनुमोदन गरेपछि यससम्बन्धी विभिन्न अभियान शुरु भएको हो । रामेछापका सबै स्थानिय तहहरुले यो अभियानमा विभिन्न कार्यक्रमहरु गरेर मनाउँदै आएका छन ।

## रामेछापको मन्थली–३ का तत्कालीन वडासचिव सहित २ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रामेछापको मन्थली नगरपालिका वडा–३ का तत्कालीन वडासचिव शिवकुमार महतोसहित दुई जनाविरुद्ध अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

सार्वजनिक सम्पत्ति हानी/नोक्सानी गरी भ्रष्टाचार गरेको भन्दै आयोगले आज शुक्रवार विशेष अदालत काठमाण्डौमा मुद्दा दायर गरेको हो । स्थानीय निर्मला खत्रीसँगको मिलेमतोमा उनका जीवित श्रीमानको मृत्यु भएको भन्दै वडासचिव हुँदा महतोले गलत लिखत तयार गरेर ४५ हजार दुई सय २० रुपैयाँ हानी/नोक्सानी गरेको हुँदा महतो र खत्रीविरुद्ध मुद्दा दायर गरेको आयोगले जनाएको छ ।

महतोलाई ४५ हजार दुई सय २० रुपैयाँ बिगो कायम गरेको आयोगका प्रवक्ता एवम् सहसचिव भोला दाहालले जानकारी दिनुभयो ।

## मन्थलीले सुरू गऱ्यो लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मन्थली नगर पालिकाबाट सुरु गरिएको छ । नोभेम्बर २५ देखि डिसेम्बर बाट आरम्भ भई डिसेम्बर १० सम्म सञ्चालन गरिने उक्त अभियानको आरम्भ जिल्ला समन्वय समिति रामेछापकी प्रमुख चीना कार्कीले मन्थलीको देवकोटा चोकमा दीप प्रज्वलन गरी आरम्भ गर्नु भएको थियो ।

मन्थली नगरपालिकाको आयोजना र नगर प्रमुख लव श्रेष्ठको अध्यक्षतामा भएको उक्त दीप प्रज्वलन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अनिता निरौला समेतले १६ दिने अभियानका महत्त्व र उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । सो अवसरमा उहाँहरूले लैङ्गिक हिंसाका कारण समाजमा अहिले पनि पर्याप्त मात्रमा कुरीति हुँदै आएकोमा त्यसको समूल नष्टको लागि पनि अभियान सार्थक हुने धारणा राख्नु भएको थियो । सामूहिक रूपमा दीप प्रज्वलन गरेर १६ दिने लैङ्गिक हिंसा विरुद्ध सुरु गरेको उक्त कार्यक्रममा जिल्ला स्थिति विभिन्न राजनीति दल,सञ्चारकर्मी र नागरिकहरूले पनि सामूहिक रूपमा दीप

» बाकी ६ पृष्ठमा

# सूर्यज्योति लाइफको नयाँ योजना, कम प्रिमियममै ठूलो रकमको आजीवन बीमा गर्न सकिने

**काठमाडौं–** शुक्रबार, सूर्यज्योति लाइफले काठमाडौंको लाजिम्पाट स्थित होटेल डुशिट प्रिन्सेसमा आयोजना गरिएको एक भव्य समारोहकाबीच' सूर्यज्योति सहि प्लान' को विधिवत उद्धाटन प्रमुख अतिथिका रुपमा रहन भएका बीमा प्रधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवाल र कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईले संयुक्त रुपमा भएको हो ।

उक्त कार्यक्रममा बीमा प्रधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल लागाएत प्राधिकारणका उच्च पदस्थ व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराई , निर्देशकहरु क्रमश नन्द किशोर शर्मा, हेमन्त नहाटा,आकाश गोल्छा ,चुडामणि देवकोटा र प्रियातयाल उपस्तिथी रहेको थियो ।




उक्त कार्यक्रममा संचारकर्मी अन्य संघ संस्थाका विशिष्ट व्यक्तित्वहरु तथा कम्पनीका उच्च पदाधिकारीहरुको उपस्तिथी रहेको थियो । बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालले “जनताले लिन सक्ने परम्परागत पोलिसी भन्दा एकदमै इनोभेटिव र भिन्न बिशेषता सहितको प्रोडक्ट ल्याएकोमा सूर्यज्योति लाइफलाई धन्यबाद दिनुका साथै गरिवले पनि बीमा गर्न सक्ने कम प्रिमियममा ठुलो बीमा गर्न मिल्ने योजना ल्याउन सफल भएकोमा आफु हर्सित भएको बताए । ”

परम्परागत पोलिसी भन्दा सूर्यज्योतिले ल्याएको यस भिन्न पोलिसिबाट आम जनता लाभावन्तित हुनेमा आफुले विश्वास लिएको बताए । यो योजना तयार गर्दा देखि अन्तिम स्विकृती लिई नेपाली बीमा बजारमा ल्याउदा सम्म मार्ग निर्देशन हुने बीमा क्षेत्रको नियमनकारी निकाय बीमा प्राधिकरण र स्वयं अध्यक्ष सूर्य प्रसाद सिलवाललाई सूर्यज्योति कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईले धन्यबाद व्यक्त गर्नुका साथै नेपाली आम जनताले पनि लिन सक्ने यो योजना पस्कन पाउदा खुसि ब्यक्त गरे ।

नेपाली जीवन बीमा क्षेत्रमा एकदमै नयाँ सोचका साथ आम मानिसहरुको आवश्यकता र परिस्तिथिलाई मध्यनजर गर्दै हालसम्मकै योजना भन्दा भिन्न , आकर्षक र उत्कृष्ट सुविधाहरु भएको 'सहिप्लान'पहिलो पटक सूर्यज्योतिले पस्केको हो ।

बीमा क्षेत्रको नियामक निकाय बीमा प्राधिकरणको तथ्यांक अनुसार प्राय नेपालीहरुले आफ्नो आम्दानीको अनुपातमा निकै नै सानो रकम भएको बीमा खरिद गर्ने बुझिएको छ । केहि बिपत्ति आई लागे पछि उक्त सानो रकमले आर्थिक भार बेहोर्न प्रयाप्त नहुने र परीवारनै आर्थिक संकटको चपेटामा पर्ने सम्भावना रहन्छ ।

यहि कमीलाई नै पुरा गर्ने अठोटका साथ सूर्यज्योतीले 'सहिप्लान'नामकबीमा योजना ल्याएको हो । उक्त योजनामा थोरै प्रिमियममा ठुलो बीमा लिन सकिने , ७० बर्ष पुगे पश्चात तिरेको सम्पुर्ण प्रिमियम फिर्ता हुने ,आर्थिक सुरक्षा आजीवन रहिरहने र तिरेको प्रमियमको ६ गुणा सम्मको रकम फिर्ता हुने विशेषताहरुका साथै ऐच्छिक सुबिधा अन्तर्गत सर्बाधिक ३५ घातक रोगहरु बिरुद्ध रु ५० लाखसम्मको पनि आर्थिक रक्षावरण गर्न सकिने छ ।

## आइशरद्वारा सर्भिस क्याम्पको घोषणा




**काठमाडौं–** आइशर कमर्सियल भेहिकलको नेपालस्थित आधिकारिक विक्रेता बतास एमएडब्लू कमर्सियल भेहिकल प्राइभेट लिमिटेडद्वारा १६ वटा विभिन्न ग्राहक सेवा केन्द्रबाट प्रदान गरिने ४ दिने सर्भिस क्याम्पको आजबाट सुरुवात गरिएको छ ।

» बाकी ६ पृष्ठमा

# २०२३ को अर्धवार्षिकमा एलजी ओएलईडी टिभीको नेत्तृत्व कायम

**काठमाडौं–** एलजी ओएलईडी टिभीले, २०२३ को अर्धवार्षिक अवधि सम्म १३ लाख ३० हजार भन्दा बढी सिपमेन्ट गरी नयाँ बेन्चमार्क निर्माण गर्न सफल भएको छ, जुन प्रतिस्पर्धी कम्पनीको लागि एक सपनाको रुपमा मात्र रहेको छ ।




मार्केट रिसर्च फर्म ओम्डियाका अनुसार एलजीले कुल सिपमेन्टका आधारमा पहिलो ६ महिनामा विश्वव्यापी ओएलईडी टिभी बजारको ५५ प्रतिशतभन्दा बढी बजार ओगट्न सफल भएको छ । परिचित ओएलईडी टिभी लिडरको रूपमा उत्पादनको १० वर्ष मनाउँदै गर्दा, ओएलईडी टिभी सेगमेन्टको नेतृत्व स्थापना गर्न सफल भएको छ ।

साथै एलजीले ओएलईडी टिभीको प्रतिष्ठालाई प्रिमिएम टिभी सेगमेन्टको शिखरमा राख्न सफल भएको छ । एलजी यसैमा सीमित नरही १ करोड टिभि युनिटको (ओएलईडी र एलसिडि) आक्रमक बिक्री गर्न सफल भएको छ, फलस्वरुप एलजी कम्पनीले विश्वव्यापी टिभी बजारको १६.२५ शेयरको खुद नाफा हासिल गरेको छ ।

एलजीले आफ्नो प्रिमियम र अल्ट्रा-लार्ज डिस्प्लेका लागि रणनीतिक बजारीकरण सक्रियताका साथ अपनाउँदै आफ्नो भन्डारणको व्यवस्थापनलाई सुदृढ गर्दै र उच्चतम नाफाको लागि निरन्तर लागिरहेको छ र यो प्रतिबद्धताले उत्कृष्ट प्रतिफल हासिल गरिरहेको छ ।

कम्पनीले आफ्नो कुल आम्दानीको लगभग ३०५ नाफा एलजी ओएलईडी मार्फत प्राप्त गरिरहेको छ । २०२३ को अर्धवार्षिक अवधिमा भएको टिभीको सिपमेन्ट कुल ९ करोड २० लाख युनिट छ, जुन गत वर्षको पहिलो अर्धवार्षिक अवधिको कारोबारसँग तुलनात्मक रुपमा समान छ ।

एलजी जसले ओएलईडी टिभि सेगमेन्टमा केहि वर्षदेखि नेतृत्व गर्दै आएको छ, यस वर्षको अर्धवार्षिक सम्म मात्र एलजीले २० लाख युनिट बिक्रि गरेको छ जुन बाँकी अर्धवार्षिक अवधिको लागि पनि सकारात्मक रहनेछ । एलजी ओएलईडी टिभीले अर्धवार्षिक अवधिमा कुल नाफाको ९.३५ हासिल गरी विश्वव्यापी टिभी बजारमा आफ्नो पहिलो स्थान कायम राखेको छ । ओम्डियाले ओएलईडी टिभीले भविष्यमा अझ उत्कृष्ट प्रदर्शन गर्न तथा २ लाख भन्दा बढी मूल्य पर्ने टिभी सेगमेन्टको ४३५ सम्म बजार ओगट्ने प्रक्षेपण गरेको छ ।

आफ्नो भिजनलाई दिगो तथा वातावरण मैत्री प्रविधिसँग एकबद्ध गरेको एलजीले ओएलईडी टिभीहरु बिगत लामो समयदेखि नेपाली बजारमा पनि उपलब्ध गराईरहेको छ । ४२ इन्च देखी ८३ इन्च सम्म उपलब्ध यी टिभीहरुमा अहिले चलिरहेको क्रीकेट वर्ल्ड कपको मज्जा लिन उत्कृष्ट बिकल्प रहेको कम्पनीको दाबी रहेको छ । नेपाल अधिराज्यभर एलजी ब्राण्डको आधिकारिक विक्रेता चौधरी ग्रुप अन्तर्गत सिजी इलेक्ट्रोनिक्स रहेको छ ।

## मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर बाँडफाँड




**काठमाडौं–** एनआइ एमबि एस क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धक त्वमा मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको जारी पूँजीरु.७०,००,००,०००/- (अक्षरेपी सत्तरी करोड रुपैयाँमात्र) मध्ये २० % अर्थात रु.१४,००,००,०००/- (अक्षरेपी चौध करोड रुपैयाँ मात्र) रकम बराबरको १४,००,००० कित्ता साधारण शेयर सर्वसाधारणलाई छुट्टयाएको र उक्त शेयर मध्येको १०% अर्थात १,४०,०००कित्ता शेयर प्रति शेयर रु.१००/ अङ्कित दरमा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि मिति २०८०/०७/१० गतेदेखि मिति २०८०/०७/२४ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र प्राप्त भएको आवेदनको छानविन गरी रित पूर्वक आवेदकहरुमा उक्त निष्काशित शेयरहरुको आज मिति २०८०/०८/०७ गते बिहानको १०:०० बजे निष्काशन तथा बिक्री प्रबन्धक एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौंमा बाँडफाँड कार्यक्रम सम्पन्न भयो ।

१,४०,००० कित्ता शेयर खरिदका लागि ३१,१९६ जना आवेदकबाट आवेदन प्राप्त भएकोमा ३० कित्ता शेयरका लागि २ जना आवेदकहरुको आवेदन रित पुर्वक नदेखिएकोले उक्त २ आवेदनहरुलाई अयोग्य ठह¥याई रद्द गरी कूल ३१,१९४ जना आवेदकहरुबाट ७,२३,०४० कित्ता शेयरको लागि रित पूर्वक आवेदन प्राप्त भएकोमा निष्काशन गरिएको धितोपत्रभन्दा अधिकधि तोपत्रको लागि माग भएको र प्रत्येक आवेदकलाई न्यूनतम १० कित्ता धितोपत्र बाँडफाँड गर्न अपुग हुने हुँदा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ माभएको व्यवस्था बमोजिम गोला प्रथाको माध्यमबाट १४,००० सफल आवेदन कर्ता छनौट गरी न्यूनतम १० कित्ताका दरले कूल १,४०,००० कित्ता धितोपत्र बाँडफाँड गरिएको छ ।

# अर्थ संसार

## गरिमा विकास बैंक १६औं बर्ष पूरा गरी १७ औं बसन्तमा प्रवेश




**काठमाडौं–** 'Access to All' मूल नारालाई आत्मसाथ गर्दै ग्राहकमैत्री एवं नविनतम डिजिटल बैकिङ्ग सेवा प्रवाह गर्दै आईरहेको यस गरिमा विकास बैंक लिमिटेडले मिति २०८० सालमंसिर ७ गते, विहीबार आफ्नो स्थापनाकालको १६औं बर्ष पूरा गरि १७ औं बसन्तमा प्रवेश गरेको छ ।

यस गरिमामय यात्रामा निरन्तर साथ दिनुहुने हाम्रा सेवाग्राही, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, कर्मचारी तथा शुभेच्छुकहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । काठमाडौंको लाजिम्पाटमा केन्द्रिय कार्यालय रहेको यस विकास बैंकले नेपालको विभिन्न शहरी तथा ग्रामिण जिल्लाहरुमा १२३ शाखा कार्यालय र ५१ एटिएमबाट सरल, सुरक्षीत एवं गुणस्तरीय बैकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

हाल प्रकाशित चालु आर्थिक वर्षको पहिलो त्रैमाससम्मको अपरिष्कृत वित्तिय विवरण अनुसार यस विकास बैंकले रु ८० अर्ब निक्षेप संकलन गरेको छ भने करिब रु. ६८अर्ब कर्जा लगानीमा रहेको छ ।

## 'नबिल एसएसई' कार्यक्रमले मनायो दोस्रो वार्षिकोत्सव

**काठमाडौं–** सामाजिक उद्यमशीलता विकासको लागि नबिल बैंक लिमिटेडले सुरु गरेको 'नबिल एसएसई'(Nabil School of Social Entrepreneurship – Nabil SSE) कार्यक्रमले दोस्रो वार्षिकोत्सव मनाएको छ ।

त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट सहित आठ विभिन्न विद्यालयबाट देशभर सञ्चालन गरिएको यस कार्यक्रमले सामाजिक उद्यमशीलता बढाउन उत्प्रेरक बनेको सरोकारवालाले बताएका छन् । दुई वर्षको अवधिमा तीन सय ३५ जना विद्यार्थीहरूले यो कार्यक्रममा सहभागिता जनाएको नबिल बैंकले जनाएको छ । जसमध्येबाट ५२ वटा उद्यमजन्मँदा ८६९ जनाले रोजगारी पाएका छन् ।

नबिल बैंकका अध्यक्ष उपेन्द्र पौड्यालले यो कार्यक्रमको कारण सामाजिक वित्त प्रवर्द्धनमा बैंकको भूमिका थप बढेको बताए । 'बैंकले सुरु गरेको यस पहलले देशको सामाजिक, वातावरणीय र आर्थिक विकासका लागि सामाजिक वित्त प्रवर्द्धन गर्न मद्दत पुगेको विश्वास लिएका छौं,'अध्यक्ष पौड्याललले भने । उनले जनताको जीवनस्तरमा सुधार ल्याउनको लागि बैंकले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुका साथै विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे ।

बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र प्रसाद ढुंगानाले सामाजिक उद्यमीहरूलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम सुरु गरिएको जानकारी गराउँदै उद्देश्य पूर्ति भएको जनाए । उनले यस कार्यक्रममा सहभागी हुने नबिल बैंकका कर्मचारी, विज्ञहरू, साझेदार, तथा विद्यालय प्रतिनिधिहरूलाई विशेष धन्यवाद दिए । 'हामी दिगो बैंकिङ र सामाजिक उद्यमशीलता मार्फत हाम्रो समाजमा उल्लेखनीय परिवर्तन ल्याउन हामी प्रतिबद्ध छ उनले भने ।

नवीन विचार भएका नागरिकलाई ज्ञान, वित्तीय पहुँच, र सामाजिक उद्यमहरू सुरु गर्नका साथै उद्यमशीलतामा दिगोपना दिन र सञ्जाल विस्तार गर्नको लागि यो कार्यक्रम सहयोगी भएको उद्यमीहरूले बताएका छन् ।

नबिल एसएसई कार्यक्रम अन्तर्गत फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स गरी दुई कार्यक्रम रहेका छन् । नबिल एसएसई फेलोहरूको सफलताका कथाहरू अहिले सबैका लागि प्रेरणादायी बनेको भन्दै यस्ता कार्यक्रमलाई निरन्तरतादिन सरोकारवालाले सुझाएका छन् । यस कार्यक्रममा सहभागीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठित पुरस्कार पाउन सफल भएका छन् भने उद्यमशीलता विकासमा उदाहरणीय काम गरेका छन् ।

यसै कार्यक्रममा सहभागी भएका उद्यमी राजविक्रम महर्जन आइसिटी अवार्ड २०२२ र स्टार्ट अप वर्ल्ड कप जित्न सफल भएका छन् । महर्जनले नबिल एसएसई टोलीप्रति कृतज्ञता व्यक्त गर्दै भने, 'कार्यक्रममा भर्ना भएपछि मैले आफ्नो व्यावसायिक विचार, ब्रान्डिङ, मार्केटिङ र नेटवर्किङका अवसरहरूमा ध्यान केन्द्रित गर्न सिकेँ, जसले मलाई धेरै मद्दत गर्‍यो।'

यम बहादुर कार्की, दिव्या महर्जन लगायतले पनि उदाहरणीय काम गरेका छन् । उनीहरूले किसानहरूलाई सहयोग गर्ने प्रकारका कार्यक्रम र नवीन शैलीबाट सौन्दर्यका सामाग्री उत्पादनमा महत्त्वपूर्ण योगदान गरेका छन् । उद्यमशीलतालाई बढावा दिन, सामाजिक उद्यमशीलतामा र्फत समाजमा अर्थपूर्ण योगदान गर्न नबिल एसएसई कार्यक्रम प्रतिबद्ध रहेको बैंकले जनाएको छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# रामेछापको पाँचपोखरी जट्टापोखरी आवश्यक प्रचार प्रसार नहुँदा ओझेलमा

**बिनोद कार्की ।**

**रामेछाप–** रामेछापको गोकुलगंगा गाउँपालिकामा पर्ने जटापोखरी र पाँचपोखरी क्षेत्र प्रचारप्रसारको अभावले ओझेलमा परेको छ। पर्यटकीय सम्भाव्यता भएर पनि यो क्षेत्रलाई प्रबर्द्धन गर्ने ठोस प्रयास भएको छैन ।

तामाकोसी नदीको प्रमुख सहायक नदीको रुपमा रहेको खिम्ति खोलाको सिरमा रहेको पाँच पोखरी र जटापोखरी धार्मिक हिसावले प्रख्यात मानिन्छन्। गोकुलगंगा गाउँपालिकाको वडा नम्बर १ चुचुरेमा पर्ने जटापोखरी जानको लागि चुचुरेको खहरेबाट पैदल हिँड्नु पर्छ । चुचुरेको खहरेसम्म भने हिउँद र पानी नपरेको बेलामा यातायात चल्छन् । चुचुरेको शिवालयसम्म सदरमुकाम मन्थलीबाट बस सेवा नै सञ्चालनमा छ ।

रस्नालुबाट नै सुरु हुने उच्च पहाडी क्षेत्रको हावापानी, वनस्पती, जडीबुटी र छाँगा छहराहरुले यात्रीहरुको मन आनन्दित बनाउँछ । राणाकालमा नै सञ्चालनमा आएर बन्द भएको नेपालकै दोस्रो ठूलो फलाम खानी पनि यही बाटोमा पर्दछ । लेकको चिसो मौसम र मनोरम दृश्यले त्यो मानिडाडाँको उकालोमा समेत यात्रीहरुलाई थकाइको महसुस हुननदिने यात्रुहरु बताउछन् ।

करिव ६ घण्टाको ठाडो उकालो पैदल यात्रापछि मानेडाँडा पुगिन्छ । डाँडामा बनाइएका माने, खुल्ला चौर, अनि कुहिरोभित्र लुकामारी गर्दै चरिरहेका चौरी खरहेरमा भेटिन्छन्। मानेडाँडाबाट दुई घण्टाको दुम्स्याइलो बाटो पार गरेपछि



जटापोखरी पुगिन्छ। दोलखा र रामेछापको सिमाना भएर बग्ने खिम्ती खोला पार गरेपछि जटापोखरी पुगिन्छ । ४ हजार २ सय ५० मिटरको उचाईमा रहेको जटापोखरी एउटा हिमताल नै हो । जहाँ वर्षमा ६ महिनाभन्दा बढी पानी जम्छ । चैतदेखि भदौसम्म मात्र हिउँ पग्लन्छ । नरिवलको जटाको आकारको भएकोले यो पोखरीलाई जटापोखरी भनिएको स्थानीय बताउँछन् ।

पाँचपोखरी भने जटापोखरीभन्दा पनि माथि छ । जटापोखरीको ठ्याक्कै माथि रहेको पाँचपोखरी ४ हजार ६ सय ५ मिटरको उचाईमा छ । एउटै पोखरीमा बीचबीचमा प्राकृतिक रुपमा उठेका बाँधहरुले पोखरीलाई पाँचवटा कुण्डमा विभाजन गरेको छ । यो पोखरीबाट निस्किएको पानी जटापोखरीमा झर्छ । जटापाखरीबाट खिम्ति खोलामा दुवै पाखरीबाट अनवरत रुपमा पानी निस्कन्छन् ।

यो क्षेत्रको यात्रा चैतदेखि भदौ महिनासम्म गर्न सकिन्छ । जनै पूणिर्माको दिन भने जटापोखरीमा ठूलो मेला लाग्छ । यो स्थानलाई हिन्दु र वौद्धधर्मालम्बिहरुको संगमस्थल पनि मानिन्छ । जनैपूर्णिमाको दिन मेला भर्न रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रे, सिन्धुली, ओखलढुंगा, सोलु, भक्तपुर, सर्लाही मात्र हैन भारतको सिक्किमसम्मका हिन्दु र वौद्धधर्मालम्बिहरु पुजा गर्न पुग्छन् ।

# भिपिएन प्रयोग गरेर टिकटक नचलाउन ब्यूरोको आग्रह




**काठमाडौँ–** सरकारले प्रतिबन्ध लगाएको टिकटक चलाउनका लागि प्रयोग भइरहेको भिपिएन र डिएनएस अवैध तथा असुरक्षित रहेकाले त्यसको प्रयोग नगर्न प्रहरीले अनुरोध गरेको छ । यसबाट प्रयोगकर्ताका गोप्य र महत्त्वपूर्ण डाटा चोरि हुनसक्ने भएकाले त्यस्ता अवैध प्रविधिको प्रयोग निरुत्साहित गर्न प्रहरीले आग्रह गरेको हो ।
नेपाल सरकार मन्त्रिपरिषद्को गत कात्तिक २७ गतेको निर्णयबाट पूर्णरूपमा प्रसारणमा बन्देज लगाएको सामाजिक सञ्जाल टिकटक भिपिएन, डिएनएस जस्ता असुरक्षित र अवैध माध्यमबाट सञ्चालन भइरहेको भन्ने सूचना प्राप्त भएको उल्लेख गर्दै ब्यूरोका प्रहरी उपरीक्षक नरेन्द्र चन्दले त्यसको प्रयोग नगर्न सर्वसाधारणमा अनुरोध गरेको छ ।

ब्यूरोले भिपिएन, डिएनएसको प्रयोगले प्रयोगकर्ताको डिभाइसमा रहेका महत्तवपूर्ण डाटा, व्यक्तिगत विवरण, बैंकिङ विवरणको समेत पहुँच पुर्याई चोरी हुने र आर्थिक दुरुपयोगका घटना साइबर सुरक्षाका दृष्टिकोणले समेत बढिरहेको पाइएको जनाएको छ ।

यस्तै विद्युतीयस्वरुपमा गैरकानूनी कुरा सम्प्रेषण गर्ने, सम्प्रेषण गरिएका गलत सामग्रीले व्यक्ति तथा समाजलाई नकारात्मक प्रभाव पार्नुका साथै व्यक्तिको चरित्रहत्या गर्ने, सार्वजनिक नैतिकता, जातीय, भाषिक, धार्मिक सद्भाव खल्बल्याउने जस्ता गतिविधि पनि भइरहेकाले यसतर्फ सचेत हुन अनुरोध गरिएको छ ।

राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्ने लगायतका दुष्प्रभाव सिर्जना गर्ने गतिविधिसमेत टिकटकका माध्यमबाट हुने गरेको पाइएको हुँदा प्रविधिको दुरुपयोग गरी यस्ता गतिविधि नगर्न र नगराउन ब्यूरोले आग्रह गरेको छ ।

# तीनकुनेमा एमालेका युवा-विद्यार्थीको प्रदर्शन

**काठमाडौं–** नेकपा एमालेको युवा तथा विद्यार्थीले बिहीबार काठमाडौंको तिनकुनेमा प्रदर्शन गरेका छन् ।

राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियुको आयोजनामा भएको प्रदर्शनमा एमालेका नेता, विभिन्न जनवर्गीय संगठनका सदस्यहरु सहभागी छन् । एमालेले यो कार्यक्रमको नाम सरकार र अराजकतावादीविरुद्ध युवा विद्यार्थी प्रदर्शन भनेको छ ।

युवा संघले माइतीघरमा प्रदर्शनको कार्यक्रम राखे पनि सरकारले निषेधाज्ञा घोषणा गरेकाले तिनकुनेमा प्रदर्शन गरेको हो । बिहीबार नै दुर्गा प्रसाईंको नेतृत्वको समूहले पनि काठमाडौंको बल्खुमा प्रदर्शन गरेको छ ।



# हात्तीको आक्रमणबाट भुटानी शरणार्थीको मृत्यु

**झापा–** जङ्गली हात्तीको आक्रमणबाट दमकको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा बस्दै आएका ७२ वर्षीय पदमलाल तामाङको मृत्यु भएको छ ।

डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईका अनुसार मङ्गलबार साँझ शिविर बाहिरको हम्सेदुम्से सामुदायिक वनको जङ्गलमा तामाङलाई हात्तीले आक्रमण गरेको थियो । शिविरको सेक्टर नं २ को हट नं दुई सय ५२ मा तामाङको बसोबास थियो । उनी दिउँसो दाउरा खोज्न जङ्गल गएका थिए ।

साँझसम्म घर नफर्किएपछि खोजी गर्ने क्रममा उनलाई जङ्गलमै मृत भेटाएको डिभिजन वन कार्यालयका प्रमुख राईले बताए । यसैगरी मेचीनगर नगरपालिका-११ स्थित विशाल दाहालको एकतले पक्की घर जङ्गली हात्तीले भत्काएको छ । स्थानीय बाँसबारी सामुदायिक वनबाट गाउँ छिरेको एउटा हात्तीले पर्खाल भत्काएर घरभित्र पसी चार सय किलो धान र दुई सय किलो चामल खाएको पीडित दाहालले जानकारी दिए ।



## खेलकुद

# अस्ट्रेलियाविरूद्ध ट्वान्टी-२० शृंखलामा भारतलाई २-० को अग्रता



**काठमाडौँ–** ओपनर यशस्वी जयसवाल र इसान किसनको आक्रामक ब्याटिङमा भारतले दोस्रो ट्वान्टी-२० मा आइतबार अस्ट्रेलियालाई सजिलै ४४ रनले हराएको छ । यससँगै भारतले पाँच खेलको शृंखलामा २-० को अग्रता लिएको छ ।

जयसवालले २५ बलमा ५३ तथा किसनले ३२ बलमा ५२ रन बनाएपछि पहिले ब्याटिङ गरेको भारतले चार विकेट गुमाएर २ सय ३५ रन बनाएको थियो ।

# रात्रिकालीन टेबलटेनिस हुने

काठमाडौं – एक मात्र रात्रिकालीन टेबलटेनिस प्रतियोगिता दाबी गरिएको ललितपुर महानगरपालिका अन्तरवडा टेबलटेनिसको पाँचौं संस्करण मंगलबारदेखि सुरु हुने भएको छ ।

ललितपुर महानगरपालिका वडा नम्बर ११ स्थित तल्लो चाकुपाट खोल्चा पोखरी टोलमा प्रतियोगिताका खेलहरू आयोजना हुनेछन् ।

ललितपुर महानगरपालिका वडा नम्बर ११, ललितपुर जिल्ला टेबलटेनिस संघ, खोल्चा पुखु खेलकुद उपसमिति र खोल्चा पोखरी टोल सुधार समितिको संयुक्त आयोजनामा हुने प्रतियोगितामा झन्डै ५ सय ५० खेलाडीले सहभागिता जनाउने अपेक्षा आयोजकको छ । ललितपुर महानगरपालिकाभित्रका खेलाडीहरूले मात्र वडाको प्रतिनिधिका रूपमा प्रतियोगिताका खेल खेल्न पाउँछन् ।

प्रतियोगिता मूल समारोह समितिका संयोजक नदिमरत्न शाक्यले दर्शकका लागि प्यारापिट बनाएर खुल्ला रूपमा खेलहरू आयोजना गरिने जनाए । उनका अनुसार साँझ ६ देखि ११ बजे रातिसम्म प्रतियोगिताका खेलहरू आयोजना हुनेछन् । १६ इभेन्ट्सका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको अनुमानित बजेट २५ लाख रहेको छ, जसमा ललितपुर महानगरपालिका वडा नम्बर ११ ले १० लाख र ललितपुर महानगरपालिकाले ४ लाख उपलब्ध गराउनेछ ।

टेबलटेनिस प्रशिक्षक राजेन्द्र कपालीले प्रतियोगिता नेपालकै नमुना भएको जनाए । उनले भने, ‘झन्डै ५० वर्षअघिसम्म यो प्रतियोगिता निरन्तर आयोजना भएको इतिहास छ । त्यसपछि यो प्रतियोगिता ३० वर्षसम्म आयोजना हुन सकेन । अहिले आएर यो निरन्तर हुन लागेको छ ।’

# भारतीय खेलाडीको दबदबा



पोखरा रंगशाला टेनिस कोर्टमा जारी आईटीएफ जे-३० टेनिस प्रतियोगितामा भारतीय खेलाडीको दबदबा देखिएको छ । मंगलबार पुरुष एकलतर्फ भारतका रणवीर सिंहले जापानका को फुजिकावामाथि संघर्षपूर्ण जित निकाले । उनले ७-६, ६-३ को सेटमा खेल जिते ।

नेपालका सक्षमविक्रम शाहले भारतका अमित मुण्डलाई ६-३, ६-४ ले र भारतका कविर चोथानीले नेपालका सृजन भट्टराई र जापानका युया सासातोले भारतका ड्रिक शाहलाई पराजित गरे ।

महिला एकलतर्फ भारतका साहना कमला कन्ननले भारतकै देवांशी गोहिल, इशी महेश्वरीले श्रीया शर्मा, मन्दगल्ला प्रिन्सीले थाइल्यान्डकी फिचयापक श्रीमुक, एन्जल पटेलले सगुनकुमारी सगुन, अमेरिकाकी प्रियंका रानाले भारतकी सिम्रन बुण्डेला, हङकङकी जेन लिङ चुन वाङले भारतकी राधा सध्रा र आर्जन खोराकीवालाले अनिशा शिवकुमारीलाई पराजित गरेका थिए ।

ब्वाइज डबल्सतर्फ नेपालका आर्यन गिरी र निहालजंग थापाको जोडी भारतका अखिल अयाज र दिगांत एम जोडीसँग ७-६, ६-२ ले पराजित भयो । भारतकै सौर्य भारद्वाज र रणवीर सिंहको जोडीले जापानका रिकु मिगासी र इपी मात्चुसिमाको जोर्डी, नेपालका प्रणव मानन्धर र आरभसम्राट हाडाको जोडीले भारतका मिका सेट र आरभ बर्माको जोडी, भारतका आदित्य मोर र प्रनिल शर्माको जोडीले नेपालका सक्षमविक्रम शाह र भारतका रुद्र बाथमको जोडी तथा दक्ष कुक्रेती र आर्नव यादवको जोडीले नेपालका आयुशमान घले र भारतका एस पन्चासरीको जोडीलाई पराजित गरे ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १६, २०८० साल मंसिर १२ गते मंगलबार (Nov 28, 2023)

### अभियान...

पृष्ठ १ बाट जारी

शान्तिपुर्ण आन्दोलनको पक्षमा देखिन्छन् ।

नेपाल लोकतन्त्रको पुर्ण अभ्यास गर्न खोजिरहेको छ । तर संविधानमा लोकतन्त्र लेखिएको भएपनि व्यवहारमा लोकतन्त्र जनताले महसुस गर्न पाएका छैनन् । यो अभ्यासको क्रममा छ । आउदा दिनहरुमा कस्ता नेतृत्वले देशको नेतृत्व गर्छन् । त्यसैमा निर्भर हुन्छ ।

तर शातिपुर्ण आन्दोलन नगरी देशलाई हातहत्तियार प्रयोग गरेर आन्दोलनमा गयो भने हत्तियार बेच्ने हत्तियार तस्करहरुलाई फाइदा होला तर नेपाली जनतालाई कहिल्यै त्यस्ता आन्दोलनले फाईदा गर्दैन । युद्धले देशलाई कहिल्यै फाइदा गर्दैन भन्ने विगतका दृष्टान्तले देखाएकै छ । जनता पनि चनाखो हुनुपर्दछ । आन्दोलन कसरी गर्ने ? आन्दोलनपछि हुने प्रगतिहरु के के हुन् । एकीन नभइकन जस्ले जस्तो आन्दोनल घोषणा गरयो त्यस्तै आन्दोलनमा लाग्यो सुइसुई पारयो लडाई गरयो गरिवका छोराछोरीले नै प्रहरीमा जागिर खाएका हुन्छन् । तिनैलाई ढुङगा हान्यो देशमा एउटा सियो बन्दैन । गाडी फोड्यो विदेशीलाई धनि बनायो आफ्नै नेपाली दाजुभाईको सम्पति जलायो । यस्ता आन्दोलनका रुपहरु नेपाली जनताको लागि अवश्यक छैनन् । शान्तिपुर्ण, व्यवस्थित, स्पष्ट माग सहितको आन्दोलन मात्र गर्नुपर्छ । आजको विश्वमा त्यसले मात्र देशको हित गर्छ ।

### नगर सरसफाइ...

पृष्ठ २ बाट जारी

सञ्चालन हुँदै आएको छ । यो अभियानको शुरुवात बाग्मती सरसफाइ महाअभियानका प्रणेता डा. राजु अधिकारीको प्रमुख उपस्थितिमा नगरलाई विभिन्न क्लस्टरमा विभाजन गरी यो अभियानको घोषणा गरिएबमोजिम अहिले विभिन्न तह र तप्कामा यो अभियान जारी रहेको छ । यसका विभिन्न आयामहरुलाई केलाउने र अभ्यास गर्ने क्रममा रहेका छौँ । बर्दघाट बजार विकास समितिको अगुवाइमा कुहिने फोहोर र नकुहिने फोहोर वर्गीकरणको अभियान नै चलेको छ । यसले राम्रो नतिजा दिइरहेको छ । यद्यपि यसलाई अझै गहिराइसम्म पुर्‍याउन उहाँहरु लागिरहनु भएको छ ।

शिक्षा शाखाको अगुवाइमा 'हाम्रो विद्यालयको सुन्दरता र सरसफाइका लागि हरेक दिन मेरो २ मिनेट' अभियान चलिरहेको छ । यो अभियान अन्तर्गत जो कोही व्यक्ति पनि विद्यालय परिसरभित्र छिर्दा अनिवार्यरुपमा २ मिनेट विद्यालयको सरसफाइ र हरियाली प्रवर्द्धनमा जुट्नुपर्ने सर्कुलर भएको छ र सो अनुसार अभ्यास पनि गरिँदै आइएको छ । स्वास्थ्य शाखाले समेत हरेक शुक्रबार बिहान साढे दश बजे दश मिनेट सबै स्वास्थ्य संस्थाहरुले आफ्नो कार्यालय हाताभित्र र वरपर सरसफाइ अभियान सञ्चालन गरेको छ ।

नगर सरसफाइ र हरियाली प्रवर्द्धन कुनै कार्यक्रम होइन । यो अभियान हो । अभियान भनेकै निरन्तर चलिरहने, निरन्तर गरिरहने, समुदायका विभिन्न कामहरुलाई यससँग जोड्दै जाने, जोडिँदै लैजाने अविराम अभियान हो । यो दिल र दिमागको संयोजन हो । यसले व्यक्ति र समाजमा रहेको घमण्ड र अभिमानलाई तोड्न, झुक्न र निहुँरिन सिकाउने काम गर्दछ । आफूले सिन्को नभाँच्ने अरुलाई गाली गर्ने, केरा खाएर बाटोमा फाल्ने र सरकारलाई गाली गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी समाज रुपान्तरणको लागि अग्रसर हुन दायित्वबोध गराउने कामको थालनी हो ।

स्थानीय सरकारलाई सामाजिक रुपान्तरण गर्ने कामको प्रस्थान विन्दु हो । आफू परिवर्तन भएर संसार परिवर्तनको लागि आह्वान गर्ने पद्धति हो । यो अभियान त्यस्तो पुण्य काम हो । सारमा चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड हो यो अभियान ।

(लेखक सापकोटा बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुनुहुन्छ ।)

## आइएमई सबैभन्दा बढी कर तिर्नेमा सम्मानित



काठमाडौं- समग्र रेमिटेन्स कम्पनीहरू मध्ये आइएमई लिमिटेड सबैभन्दा बढी आयकर तिर्ने कम्पनीको रूपमा सम्मानित भएको छ ।

राष्ट्रिय कर दिवस २०८० का अवसरमा बिहीबार काठमाडौंमा आन्तरिक राजश्व विभागद्वारा आयोजित विशेष समारोहमा अर्थ मन्त्री डा. प्रकाशशरण महतबाट आइएमई ग्रुपका प्रबन्ध निर्देशक र आइएमई लिमिटेडका संस्थापक तथा सञ्चालक हेम राज ढकालले उक्त सम्मान ग्रहण गरेका हुन् ।

आर्थिक वर्ष २०७८-७९ मा विभिन्न १६ विधामा सर्वाधिक आयकर तिर्ने कम्पनीहरू मध्ये रेमिटेन्स तर्फ आइएमई लिमिटेडले सबैभन्दा बढी आयकर बुझाउन सफल भएको थियो । सन् २००१ मा स्थापित आइमईले नेपालको समग्र रेमिटेन्स क्षेत्रलाई संस्थागत तुल्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

आइएमईलाई बैकिङ्ग सञ्जाल मार्फत विदेशी मुद्रा नेपाल भित्र्याएर औपचारिक अर्थतन्त्रको विकासमा उल्लेख्य योगदान गरेको मुख्य श्रेय जान्छ । यसैको सम्मान स्वरूप विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सम्मानहरूबाट आइएमई सम्मानित हुँदै आएको छ । साधारण सेयर निष्कासन गर्ने तयारी गरिरहेको आइएमई सबैभन्दा बढी आयकर तिर्ने कम्पनीका रूपमा यसभन्दा अघि पनि पटक पटक सम्मानित हुँदै आएको छ ।

### समस्या नै बाँदर...

पृष्ठ १ बाट जारी

बाँदरले बास्तिम, दलगाउँ, मानेभञ्याङ, खावा, कोट, गोगने, लेखर्क, बोखिम, धोद्लेखानी लगायत ठाउँमा बढी मात्रामा दुःख दिने गरेको छ । बस्ती खाली भएपछि माथिल्लो भेगसम्म बाँदर आउन थालेका स्थानीय वासीको भनाइ छ । बाँदरले बस्तीमा पसेर दुःख दिन थालेपछि बस्ती नै खाली हुने अवस्था आएको स्थानीय टेकबहादुर तामाङले बताए । अन्नबाली जोगाउन समस्या भएपछि बाध्य भएर बस्ती छाड्नुपर्ने अवस्था आएको उनको भनाइ छ । बाँदरका कारण ग्रामीण क्षेत्रमा बसाइँसराइको दर बढेको उनले जानकारी दिए ।

"बाँदरका कारण बस्ती नै खाली हुने अवस्था छ", स्थानीय तामाङले भने, "वर्षभरि खानका लागि लगाएको अन्नबाली छिनभरमा नष्ट पार्छ । बारीमा कटेरा बनाएर हेरचाह गर्दा पनि सम्भव हुँदैन । बाँदरको हेरचाह गर्नुभन्दा खेतबारी बाँझो छाडेर बस्ती छाड्ने बढेका छन् ।"

बाँदर मकैको थाङ्गा, धानको कुनिउ, बगैँचाका फलफूलमा आउन थालेपछि स्थानीय समस्यामा परेका हुन् । बाँदर हेरचाह गर्नका लागि दुईदेखि तीनजनाको काम नै त्यही हुने गरेको स्थानीयको भनाइ छ । बाँदरलाई यन्त्र उपकरण पड्काएर तर्साउने गरे पनि पछिल्लो समयमा टेर्न छाड्को भोजपुर नगरपालिका-५ का स्थानीय धनबहादुर थापाले बताए ।

### च्यांग्रा बिक्री...

पृष्ठ ३ बाट जारी

प्रज्वलन गरी दिवसको आरम्भ गरेका थिए । उक्त अभियान अन्तर्गत नगरले नगरपालिका भित्रका विभिन्न वडामा पुगेर लैङ्गिक हिंसाका कारण र निदानको प्रयासका बारेमा सचेतना लगायतका विभिन्न कार्य तालीका सहितको कार्यक्रम गर्न लागेको जानकारी मन्थली नगरपालिकाले गराएको छ ।

दीप प्रज्वलन कार्यक्रमलाई सम्बोधन गर्दै जिल्ला समन्वय समितिकी प्रमुख खड्का (कार्की) ले नगरपालिकाले विगतदेखि नै दिवस मनाउँदै आएको स्मरण गर्दै यो वर्ष पनि दिवस मनाउने अभियान प्रारम्भ प्रशंसनीय तरिकाले सुरु गरेको बताइन् । उनले यो अभियानको कार्यक्रम सकेपछि त्यसको समीक्षा गर्नु पर्नेमा जोड् दिइन् । उनले लैङ्गिक हिंसा विरुद्ध जुनसुकै जटिल विषय पनि बाहिर ल्याउन सक्नु पर्छ भनिन् । साथै उनले हिंसा विरुद्ध सबैले आवाज उठाउनु पर्नेमा सचेत गराइन् । उनले म, हिंसा गर्दिन र हिंसामा पर्दिन भन्ने मन्त्रलाई समेत सधैं मनन गरेर सोच र आचरण विकास गरेमा लैङ्गिक हिंसा न्यूनीकरण हुने धारणा राखिन् ।

### १६ दिने अभियान...

पृष्ठ ४ बाट जारी

यी केन्द्रहरुमध्ये दुईवटा काठमाडौं उपत्यका काजगाती र सतुंगलबाट ग्राहकहरूले सेवालिन सक्नेछन् भने उपत्यका बाहिर बिर्तामोड, इटहरी, जनकपुर, बिरगन्ज, हेटौंडा, दाङ, नेपालगञ्ज, सुर्खेत, धनगडी मध्ये आफूलाई पायक पर्ने स्थानबाट ग्राहकहरूले सेवालिन सक्नेछन् ।

त्यसैगरी डिलर मार्फत् पोखरा, बुटवल, नारायणगढ, नौबिसे, त्रिशुलीबाट पनि ग्राहकहरूले सेवालिन सक्नेछन् । यस ४ दिने क्याम्पमा आइशरका ५०० भन्दा बढी व्यवसायिक गाडीहरुको अत्यन्त प्रभावकारी ढंगले जाँच एवम् मर्मत सम्भार गरिने छ भने जाँच गराउन आउँदा सवारी धनीहरुले स्पेयर्स पार्ट्समा १०% छुट, लुब्रिकेंट्समा १५% छुट, विशेष मर्मतमा २५% सम्मको छुट प्राप्त गर्नेछन् । यसैगरी नियमित मर्मत सम्भार, ड्राइभर ट्रेनिंग, ब्याट्री तथा वायरिंग चेक-अप निशुल्क रुपमा पाउनुका साथै अन्य थुप्रै सुविधाहरु पनि प्राप्त गर्ने छन् ।

"बदलिँदो मौसमसँगै गाडीमा आइपर्ने विभिन्न समस्याहरूको समाधान गरी ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गर्ने मुख्य उद्देश्य सहित आइशरले कमर्सिअल भेहिकल सर्भिस क्याम्पको आयोजना गरेको हो । भोल्भो र आइशरको संयुक्त परियोजनामा विविध मूल्य र प्रयोजनका लागि नवीन प्रविधिका उत्पादनहरू उत्पादन गर्दै आएका कारण नेपाल सहित विश्वबजारमा आइशर ग्राहकको पहिले रोजाई बन्दै आइरहेको छ ।"आइशर कमर्सियल भेहिकलका सर्भिस-जनरल म्यानेजर शरद कुमार मिश्रले बताए ।

विगत ४० वर्षदेखि नेपालको व्यवसायिक सवारीको क्षेत्रमा आत्याधिक लोकप्रिय ब्रान्ड आइशर बतास एमएडब्लूले आधिकारिक रूपमा बिक्री वितरण गर्दै आइरहेको छ ।

## नेपाली सेनाद्वारा ३ हजार ४ सयभन्दा बढी कर्मचारी माग




नेपाली सेनाको विभिन्न पदमा जागिर खुलेको छ । सूचना प्रकाशन गर्दै सेनाले सैन्य पदमा ३ हजार जना तथा सुचिकार, सफाईकर्मी, चर्मकर्मी, लोहाकार, केशकर्तक, माली लगायतका पदमा ४ सय १३ जना कर्मचारी मागेको हो ।

विभिन्न ब्यारेकमा आवश्यक रहेका पदमा पदपुर्तिका लागि दर्खास्त आह्वान गरिएकाले इच्छुक र योग्यता पुगेका व्यक्तिले पुस ७ गतेसम्म आवेदन दिन सक्ने नेपाली सेनाले जनाएको छ ।

सैन्य पदका लागि नेपाली सेनाको आधिकारी वेबसाइटबाट अनलाइन दरखास्त फाराम भरी प्रिन्ट गरी उम्मेदवार स्वयमले तोकिएको भर्ना केन्द्रमा बुझाउन सक्ने वा भर्ना केन्द्रमा स्वयम् उपस्थित भई फाराम भर्न मिल्ने तथा फलोअर्स पदहरूका लागि उम्मेदवार स्वयम भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भर्नुपर्ने नेपाली सेनाले जनाएको छ ।

# अन्तराष्ट्रिय समाचार

## पाकिस्तानको एक सपिङ मलमा आगलागी, ११ जनाको मृत्यु




**काठमाडौं–** पाकिस्तानको दक्षिणी सहर कराँचीमा रहेको एउटा सपिङ मलमा भएको भीषण आगलागीमा कम्तीमा ११ जनाको मृत्यु हुनुका साथै २० जनाभन्दा बढी घाइते भएका छन् ।

कराँची पूर्वी जिल्लाका डेपुटी कमिशनर अल्ताफ शेखले शनिबार भएको आगलागीबाट हालसम्म ११ जनाको मृत्यु भएको बताए । जलेको कारण तीन जनाको अवस्था गम्भीर छ । दक्षिणी सिन्ध प्रान्तका कार्यबाहक मुख्यमन्त्री मकबुल बाकारले यस घटनाको निष्पक्ष छानबिन गर्न आदेश दिएका छन् ।

## बंगलादेशी क्रिकेट कप्तान शाकिब अल हसन संसदीय चुनाव लड्दै



**काठमाडौं–** बंगलादेशी क्रिकेट टिमका कप्तान शाकिब अल हसनले संसदीय चुनाव लड्ने भएका छन् । बंगलादेशको सत्तारुढ दल अवामी लिगले उनलाई सांसदमा उठाउने भएको हो ।

ढाका ट्रिब्युनका अनुसार अवामी लिगले शाकिबलाई उनकै गृहनगर मगुरा-१ क्षेत्रबाट सांसदमा उठाउने निर्णय गरेको छ । आइतबार पार्टी महासचिव ओबैदुल कादेरले एक पत्रकार सम्मेलनमा उम्मेदवारहरूको सूची सार्वजनिक गरेका हुन् । यसअघि बंगलादेशका पूर्वकप्तान मशरेफे मुर्तजा पनि गत चुनावमा सांसदमा निर्वाचित भएका थिए ।

बंगलादेशी कप्तान शाकिब औंलाको चोटका कारण उपचार गरिरहेका छन् । चुनावमा उम्मेदवार बन्ने भएकाले उनी पुनः मैदानमा खेलाडीका रूपमा देखिने छन् वा छैनन् भन्ने स्पष्ट बताएका छैनन् ।

बंगलादेशमा आगामी जनवरी ७ मा देशको १२ औं संसदीय निर्वाचन हुँदै छ । बंगलादेश अवामी लिगकी अध्यक्षसमेत रहेकी शेख हसिना १५ वर्षदेखि बंगलादेशको सरकारको नेतृत्व गरिरहेकी छिन् । उनलाई प्रतिपक्षी दलमाथि धरपकड गरेको तानाशाही सरकार चलाएको समेत आरोप लाग्दै आएको छ । हसिनाको मुख्य प्रतिद्वन्द्वीका रूपमा रहेकी र दुई पटक प्रधानमन्त्री बेगम खालिदा जियालाई नजरबन्दमा राखिएको छ ।

बीएनपीले २०१४ को चुनाव बहिष्कार गरे पनि २०१८ मा भने सहभागी भएको थियो । मुख्य प्रतिपक्षी दल बंग्लादेश राष्ट्रिय दल(बीएनपी) ले हसिनाले राजीनामा नदिए चुनावमा सहभागी नहुनेसमेत चेतावनी दिएको छ । बीएनपीका शीर्ष नेता कि त जेलमा छन् कि त निर्वासनमा । इस्लामिक आन्दोलन बंग्लादेश(आईएबी) ले पनि चुनाव बहिष्कार गर्न सक्ने चेतावनी दिँदै आएको छ ।

## ४७ दिनपछि इजरायल– हमासबीच युद्धविराम

**इजरायल–** हमास युद्धको ४७ दिनपछि युद्धविरामको सम्भावना देखिएको छ । अभूतपूर्व घटनाक्रममा इजरायली मन्त्रिपरिषद्ले हमाससँगको युद्धमा युद्धविरामलाई अनुमोदन गर्न सक्छ । बदलामा, हमासले ५० इजरायली बन्धकहरूलाई रिहा गर्नेछ । अक्टोबर ७ मा, हमास आतंकवादीहरूले अचानक इजरायलमा आक्रमण गरेर लगभग २४० जनालाई बन्धक बनाए ।

इजरायली सरकारले जारी गरेको विज्ञप्ति अनुसार हमासले यी बन्धकहरूलाई आगामी ४ दिनभित्र रिहा गर्नेछ । इजरायलबाट यो आक्रमण पूर्ण रूपमा रोकिनेछ । रिपोर्टका अनुसार हमासले रिहा गर्ने अधिकांश बन्धक महिला र बालबालिका रहेका छन् । तिनीहरू १० देखि १२ को समूहमा रिहा हुनेछन् ।

तेल अभिभ मिडियाका अनुसार, रिहा हुनेमा ३० बालबालिका, ८ आमा र १२ महिला रहेका छन् । इजरायलले भन्यो, 'इजरायली सरकार सबै अपहरणमा परेका मानिसहरूलाई घर ल्याउन प्रतिबद्ध छ । आज राती, सरकारले यो लक्ष्य हासिल गर्न पहिलो चरणको रूपरेखालाई अनुमोदन गर्‍यो, जसअन्तर्गत महिला र बालबालिकासहित कम्तीमा ५० इजरायलीहरूलाई रिहा गरिनेछ । चार दिनको अवधि, जसको अवधिमा लडाईमा शान्त हुनेछ ।'

प्रत्येक १० बन्धकहरूलाई रिहा गर्न युद्धविराम एक दिन बढ्नेछ । इजरायलले हमासले थप १० जना बन्धकलाई रिहा गरेमा युद्धविरामको अवधि थप एक दिन लम्ब्याउने बताएको छ । 'हामी तपाईलाई बताउछौं कि हाल हमाससँग २४० इजरायली बन्धकहरू छन् । यसको मतलब, यदि हमासले ५० बाहेक अन्य १० जना इजरायली बन्धकहरूलाई रिहा गर्छ भने, इजरायलले युद्धविरामलाई एक दिन थप गर्नेछ ।

# स्रष्टा पदयात्रीलाई भव्य स्वागत गर्दै, मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठानको छैठौं अधिवेशन सम्पन्न

■ जयराम बिडारी

**पर्वत–** भाषा साहित्य ,कला ,संस्कृतिमा प्राकृतिकताको भरपूर सुगन्ध छर्ने उद्देश्यका साथ संस्कृतिविद् साहित्यकार, पत्रकार कवि तथा लेखकहरुको सामुहिक टोली, पर्वत जिल्लाका बिभिन्न स्थानको स्थलगत भ्रमण गरि विविध साहित्यिक गोष्ठी, अन्तरक्रिया गरि सम्पन्न गरेको छ ।

शुक्रवार काठमाण्डौबाट पर्वतका लागि १६ जना स्रष्टा पदयात्रीको टोली त्यसतर्फ प्रस्थान गरेको थियो । म्याग्दी र पर्वत जिल्लाबाट प्रवाहित कालीगण्डकी र मङ्गला (म्याग्दी खोला )नदी बेनीको सङ्गमस्थलमा मिसिएपछि पवित्र मङ्गलाकालीका रुपमा कृष्णगण्डकीमा परिणत भएको स्थानको रुपमा परिचित बेनी बजारमा एक रात बास बसेर भोलीपल्ट जलजला ४ मल्लाज माझफांट स्थित श्री भवानी आधारभूत बिद्यालय पुगेका थिए ।

पदयात्रा टोलीमा सहभागिहरु शीतल गिरी,घनश्याम प्रसाईं,गंगाप्रसाद भेटवाल,खोलाघरे साहिंलो, प्रतीक घिमिरे, दीपक भेटवाल, वसन्त रिजाल, डा. बाल चन्द्र मिश्र, माधव घिमिरे 'अटल'', वीमल अर्याल,परशुराम परासर, शारदा पराजुली, माधवलाल श्रेष्ठ, रुबि सत्याल,सुमन पुडासैनी 'मित्र' जयराम बिडारी सहित १६ जना प्रकृतिप्रेमी स्रष्टा साहित्यकार हरुको टोलीलाई भव्य स्वागत गर्दै सोही कार्यक्रममा मोहनबहादुर मल्ल साहित्य प्रतिष्ठानको बिसौं साधारण सभा तथा छैठौं अधिवेशन सम्पन्न गरिएको छ ।



जलजला गाउँ पालिकाका अध्यक्ष राजु प्रसाद आचार्यद्वारा ब्यानर पढेर उद्धाटन गरिएको उक्त कार्यक्रममा इतिहासकार तथा साहित्यकार मोहनबहादुर मल्लका सुपुत्र तथा प्रतिष्ठानका अध्यक्ष दीपकबहादुर मल्लको सभापतित्वमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रमको उद्धाटन गर्दै प्रमुख अतिथि आचार्यले साहित्यकार मोहन बहादुर मल्लको योगदानको चर्चा गर्दै साहित्य, कला संस्कृतिको विकास गर्न हरेकले आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान दिनुपर्नेमा जोड दिंदै साहित्य सृजना गर्नु सवैको बशको बिषय नभएकोले यसको उन्नयनका लागि बिद्यालयस्तरबाट नै विभिन्न क्रियाकलापमा सहभागी गराउँदै क्षमता अभिवृद्धि गराउनु पर्ने कुरा बताएका छन् । प्रतिष्ठानका उपाध्यक्ष केदारनाथ पौडेलले उपस्थित साहित्यानुरागीहरूलाई स्वागत मन्तव्य राखेका थिए ।

यसैक्रममा म्याग्दी साहित्य समाजका अध्यक्ष ध्रुबराज शर्मा, स्रष्टा पदयात्रा टोलीका संयोजक शीतल गिरी,विश्व नेपाली साहित्य महासङ्घ गण्डकी प्रदेश अध्यक्ष प्रकाश अधिकारी, तथा पुलस्त्य साहित्य समाजका उपाध्यक्ष शिव सस्मितले कला, साहित्य र संस्कृतिको विकासका सम्बन्धमा आ-आफ्नो धारणा व्यक्त गर्दै रचना बाचन गरेका थिए ।

उक्त अवसरमा स्रष्टा पदयात्रासम्बद्ध गङ्गाप्रसाद भेटवालले कार्यक्रममा सहभागी हुनुको औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा काठमाडौंबाट पर्वत मल्लाज आएका स्रष्टा पदयात्रीहरु शारदा पराजुली,डा. बालचन्द्र मिश्र,विमल अर्याल, घनश्याम प्रसाईं ,प्रतिक घिमिरे, सुमन पुडासैनी 'मित्र' ,रुबि सत्याल ,माधव घिमिरे 'अटल' सहित स्थानीय साहित्यकारहरू हरिप्रसाद पौडेल (हरि लाटो), लीलानाथ असन्तोषी केदारनाथ पौडेल, मनोहर पौडेल, हरिकृष्ण आचार्य, अमृत बरूवाल, गोपालप्रसाद आचार्य, अमृत बरूवाल, मनोहर पौडेल, जीवन मल्ल, ध्रुवराज शर्मा ,गणनाथ पौडेल, प्रकाश अधिकारी, र शिव सस्मितले आआफ्ना रचनाहरू सुनाएका थिए ।

इतिहासकार तथा साहित्यकार मोहनबहादुर मल्लको फोटोमा माल्यार्पण गरि राष्ट्रीय गान बजाएर सुरु गरिएको कार्यक्रमको सहजीकरण प्रतिष्ठानका सचिव गोपालप्रसाद आचार्यले गरेका थिए ।

उक्त कार्यक्रमको दोस्रो सत्रमा केदारनाथ पौडेलको अध्यक्षतामा प्रतिष्ठान हाँक्नका लागि तेह्र सदस्यीय कार्य समिति गठन गरेको छ जसको उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष र सदस्यहरुमा क्रमशः शेषराज रेग्मी, सचिव हरिप्रसाद पौडेल, सहसचिव अमृता पौडेल रेग्मी, कोषाध्यक्ष जीवन मल्ल असफल तथा सदस्यहरुमा मनोहर पौडेल, गोपाल प्रसाद आचार्य हरिकृष्ण आचार्य, सनिता कार्की, बलराम रेग्मी, तुलसी रेग्मी पौडेल , अमृत बरुवाल र हरिबहादुर जि.सी. रहेका छन् ।

पदयात्राका क्रममा धवलागिरि , माछापुछ्रे हिमालको सुरम्यताको दृष्यावलोकन गरी स्थानीय साहित्यकारहरूसँग साहित्यिक अन्तरक्रिया गर्दै ऐतिहासिक रुपमा रहेको तर संरक्षणको पर्खाईमा रहेको बान्द्रे बिडी चौतारो लाई संरक्षण गरि काव्य चौतारो बनाई समुचित संरक्षण गर्ने कार्यक्रम रहेको कुरा कालीगण्डकी संरक्षण अभियानका अभियन्ता तथा कवि एवम् फोटो पत्रकार आरके अदीप्त गिरीले बताएका छन् ।

साथै उनकै पथ प्रदर्शनका क्रममा सूर्य प्रसाद पौडेल को परिकल्पनामा कुश्मा १ खरेहा खोलामा निर्मित झोलुङ्गे पुल तरी अल्पेश्वर धामको पार्वती गुफालगायत कुश्माका विभिन्न दर्शनीय स्थलहरूका साथै कुश्मा ६ नम्बर वडामा अवस्थित धनराज गिरीद्वारा निर्मित सताव्दीघर अवलोकन गरेका थिए ।

# स्रष्टा पदयात्रीहरू मल्लाजमा



■ -जयराम बिडारी

**काठमाडौं–** प्रकृतिसँग मितेरी गाँस्दै यथार्थपरक साहित्य सिजनालाई जोड दिने अभिप्रायले स्रष्टा पदयात्रीहरूको १७ जनाको टोली पर्वततर्फ प्रस्थान गरेको छ ।

साहित्यलाई समाजसँग जोडेर जीवन्तता दिने पवित्र ध्येयले यसपटकको पदयात्रा आयोजना गरिएको एक जना सहभागी तथा यसपटकका संयोजक गङ्गा प्रसाद भेटवालले जिकिर गरे ।

उक्त टोलीले कुश्मा,मल्लाज, शताब्दीघर, सहस्रधारालगायत विभिन्न दर्शनीय स्थलहरूको अवलोकन भ्रमण गर्नुका साथै जीवन मल्लको संयोजनमा साहित्यिक कार्यक्रम सम्पन्न गर्ने छ ।

लेखन परिष्कार गर्न समाजसँग प्रत्यक्ष सम्वाद गर्नुपर्ने स्रष्टा पदयात्राका संयोजक शीत्तल गिरीले बताए ।

७६ औं स्रष्टा पदयात्रा टोलीमा लेखक, साहित्यकार र पत्रकार सम्मिलित उक्त समूहमा वसन्त रिजाल, शीतल गिरी, घनश्याम प्रसाई, गङ्गाप्रसाद भेटवाल, दीपक भेटवाल 'दीपसागर', परशुराम परासर, शारदा पराजुली, सुमन पुडासैनी 'मित्र', डा.बालचन्द्र मिश्र, विमल अर्याल, प्रतीक घिमिरे, खोलाघरे साहिँलो, माधव घिमिरे 'अटल', जयराम बिडारी,रूबि सत्याल र माधवलाल श्रेष्ठको सहभागिता रहेको छ ।

पदयात्राका क्रममा अन्नपूर्ण र माछापुच्छे हिमालको सुरम्यताको दृश्यावलोकन गरी स्थानीय साहित्यकारहरूसँग साहित्यिक अनुभव र अनुभूति एकापसमा विनिमय गर्ने कार्यक्रमसमेत रहेको शीतल गिरीले बताए ।

# निश्चल बस्नेत निर्देशित फिल्म "दिमाग खराब " तेस्रो सातामा प्रवेश




**काठमाडौं–** निश्चल बस्नेत निर्देशित फिल्म "दिमाग खराब " आजदेखि तेस्रो सातामा प्रवेश गरेको छ ।

आज शुक्रबार नयाँ फिल्म प्रदर्शनमा नआउँदा "दिमाग खराब " ले तेस्रो सातामा पनि राम्रो कमाइ गर्ने फिल्मकर्मीहरूको आशा छ । निर्माण टिमले शुक्रबार दुई साताको कमाइ सार्वजनिक गरेका छन् । निर्माताका अनुसार फिल्मले दुई सातामा ७ करोड कमाएको छ । यो फिल्म ४ करोड बजेटमा बनेको बताइएको छ ।

सिनेमा आर्ट्स र ब्ल्याक हर्स पिक्चर्सको निर्माण रहेको फिल्ममा खगेन्द्र लामिछाने, दयाहाङ राई, स्वस्तिमा खड्का, अपर्ण थापा, विजय बराल, सुमन कार्की, पुष्कर गुरुङ, माओत्से गुरुङ, राजन खतिवडा, रमा थपलिया, गौरभी आरएल सिंह, गीत अधिकारी, कृष्णभक्त महर्जन, धीरज भट्ट, राहुल सिवाकोटी, नविन खड्का लगायत कलाकारको अभिनय छ ।

आकाश बरालको लेखन र मनोज पण्डित स्क्रिप्ट डाक्टर रहेको फिल्म राजनीतिक विषयमा केन्द्रित रहेर निर्माण भएको हो ।

# घुम्ती कवि गोष्ठीको १३२ औ श्रृखला श्री ग्राम शिक्षा मन्दिर मा.वि.कपनमा सम्पन्न




**काठमाडौं–** घुम्ति कवि गोष्ठी अभियानको १३२ औ श्रृखला काठमाडौको बुढानिलकण्ठ बाडन ११ कपनस्थित श्री ग्राम शिक्षा मन्दिर मा.वि.को पुस्ताकालयमा घुम्ती कवि गोष्ठीमा भाग लिने साहित्यकारहरुको उपस्थितिमा र श्री ग्राम शिक्षा मन्दिर मा.वि.को व्यवस्थापनमा भव्य कार्यक्रम गरी सम्पन्न भएको छ ।

कार्यक्रम त्यसै माविका प्रद्यानध्यापक रुद्र कोइरालाको सभापतित्वमा, साहित्यकार ढुण्डीराज मरासिनीको प्रमुख अतिथिमा कार्यक्रम भएको थियो । कार्यक्रम त्यसै माविका शिक्षक तथा कवि धुव्र प्रसाद आचार्यले कार्यक्रमलाई आकर्षण तरिकाले सञ्चालन गरेका थिए ।

उपस्थित कवि, गजलकार, मुक्तककार, गीतकार लगायत, र्मुधन्य साहित्कारहरुले आ-आफ्ना रचना वाचन गरी कार्यक्रमलाई ओजिलो बनाएका थिए । कार्यक्रममा विभिन्न स्थानवाट दिग्गज साहित्यकारहरु उक्त घुम्ती कवि गोष्ठीमा कविता वाचन गर्न पुगेका थिए । सोही अवसर पारेर साहित्यकारहरुले श्री ग्राम माविलाई पुस्तक समेत हस्तान्तरण गरेका थिए ।

कार्यक्रमको सभापति समेत रहेका श्री ग्राम शिक्षा मन्दिर माविका प्रद्यानध्यापकले यस्तो महत्वपूर्ण कार्यक्रम हाम्रो विद्यालयमा गर्न पाउदा अत्यत्नै खुशी लागेको र यस साहित्य कार्यक्रममा मात्र नभएर अरु वेलामा पनि विद्यालयमा छिरेर याहाको वातावरण, शिक्षाको अवस्था, हेरी सल्लाह, सुझाव दिन अनुरोध गरेका थिए । अहिले सरकारी मावि‌वाट प्राविधिक शिक्षाको लागि उपयुक्त वातावरणमा विद्यार्थीहरुलाई शिक्षा दिन पाउदा खुशी लागेको छ । यो खुशीलाई तपाईहरु जस्तो साहित्यका क्षेत्रमा लाग्नु भएका व्याक्तित्वहरुलाई जानकारी गराउन पाउदा झनै गौरवान्वित भएको छु भन्दै अन्य शैक्षिक सम्बन्धि काम परेमा सम्झन प्रद्यानध्यापक कोईरालाले अनुरोध गरेका थिए ।

**रचना वाचन गर्ने साहित्यकारहरू निम्न रहेकाछन्**

ढुण्डीराज मरासिनी, रुद्र कटवाल, बासुदेव गुरागाई, दुर्गा अधिकारी भमरकोटे, रामचन्द्र दाहाल, ओम प्रसाद कोईराला, माधवलाल श्रेष्ठ, रुद्र अधिकारी, राजेशमान के.सि.शिव न्यौपाने, प्रलाद लामिछाने,राजेन्द्र घिमिरे सागर, सावित्री पोखरेल,विश्वनाथ तामाङ, रामकुमार पण्डित, बिष्णु कुमार के.सि.,नारायण नेपाल, बिनोद दाहाल, मिशन अधिकारी, धुव्र प्रसाद आचार्य, परशुाम अधिकारी, जर्नादन तिमिल्सिना, लगायतले रचना वाचन गरेका थिए । भने सुनिता डोटेल,सविता पोखरेल शिक्षिकाहरुको उपस्थिति रहेको थियो । त्यसैगरी कपन बानेश्वर साप्ताहिकका सम्पादक निवन्द आचार्य जन आकाश मिडिया प्रा.लिका अध्यक्ष मोहन कार्कीको उपस्थिति रहेको थियो ।

कार्यक्रम पछि कार्यक्रममा उपस्थित सवैलाई खानाको व्यवस्थापन विध्यालयले गरेको थियो । कार्यक्रम सभ्य, भव्य रुपमा सम्पन्न भएको थियो । घुम्ती कवि गोष्ठीले यसरी नै उपत्यका भित्र महिनाको पहिलो शनिवार कार्यक्रम गर्ने र्गछ । कार्यक्रम घुम्दै गर्ने भएको हुनाले घुम्ती कवि गोष्ठी राखिएको यस घुम्तीका अध्यक्ष माधवलाल श्रेष्ठले बताउने गरेका छन् । थुप्रै साहित्यकारहरु अवद्ध भएको र पालैपालो अध्यक्षताको जिम्मेवारी सगाल्दै आएका साहित्यकारहरुले यो कार्यक्रमलाई निरन्तरता दिईरहेका छन् ।

# अभिनेता शाहरूख खान छोरी सुहानासँग फिल्म "किङ" मा देखिने

**काठमाडौं–** अभिनेता शाहरूख खान छोरी सुहाना खानसँग फिल्म खेल्ने भएका छन् ।

उनीहरू सुजोय घोषले निर्देशन गर्न लागेको फिल्म किङमा देखिन भएका हुन् । अभिनेता शाहरूखलाई उनका फ्यानले किङ खान उपनाम दिएका थिए । एक्सन थ्रिलर फिल्ममा एक बुवा र छोरीको कथा देखाइनेछ । भारतीय सञ्चारमाध्यम पिंकभिलाका अनुसार फिल्ममा पठानका निर्देशक सिद्धार्थ आनन्द र शाहरूख खानको संयुक्त लगानी रहनेछ ।



तर अभिनेता शाहरूख र निर्देशक सिद्धार्थले फिल्मबारे आधिकारिक जानकारी दिएका छैनन् । रेड चिलिज इन्टरटेनमेन्ट र मारफ्लिक्स पिक्चर्स ब्यानरमा बन्ने फिल्मको छायांकन २०२४ जनावरीदेखि सुरू हुनेछ । शाहरूखले पहिलोपटक छोरी सुहानासँग फिल्ममा काम गर्न लागेका हुन् । यसअघि उनले छोरा आर्यनसँग फिल्म द लायन किङ मा काम गरेका थिए । यो फिल्म सन् २०१९ मा प्रदर्शन भएको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- १६, २०८० साल मंसिर १२ गते मंगलबार (Nov 28, 2023)

# चौधरी ग्रुपको किङलङ विधुतिय माइक्रोले उपत्यकामा सेवा दिन थाल्यो



काठमाडौं- चौधरी ग्रुप अन्तर्गत सिजी मोटर्सले बिक्री वितरण गर्दै आइरहेको किङ्लङ विद्युतीय माइक्रो बसहरू काठमाडौंका विभिन्न रुटहरूमा सञ्चालनमा आएका छन् । सञ्चालनमा आएका माइक्रो बसहरू बागमती प्रदेश सरकारको नीति तथा महानगरपालिकाको अवधारणा अनुसार पुराना डिजेल र ग्यासबाट चल्ने सार्वजनिक यातायातलाई विस्थापित गरेर नयाँ विद्युतीय सार्वजनिक यातायात चलाउने विधि अन्तर्गत रहेको छ।

एउटा डिजेल माइक्रो बस दैनिक १५० /२०० किमि चल्दा रु ५000/७000 डिजेल खपत हुने देखिन्छ । सो हिसाबले काठमाडौंमा सञ्चालनमा रहेका ३000 डिजेल माइक्रोबस विस्थापित हुँदा दैनिक २ करोड १० लाख डिजेलको बचत हुन सक्ने बताइएको छ।

किङ्लङ माइक्रो बस १४ र १९ सिटर गरी दुई मोडेलमा नेपाली बजारमा उपलब्ध छन्। विश्वको नम्बर १ ब्याट्री निर्माण कम्पनी सिएटिलद्वारा निर्मित ब्याट्रीको प्रयोग भएको गाडीमा एक पटक फुल चार्ज गर्दा ३०० किमि चल्ने कम्पनीले उल्लेख गरेको छ। १८० मिमी ग्राउन्ड क्लियरेन्स भएको गाडी नेपालको बाटो र माटो सुहाउँदो रहेको छ। हरेक ५ वटा गाडीमा एउटा फास्ट चार्जर दिँदै आएको जानकारी दिँदै कम्पनीले नेपाल भर ३० स्थान भन्दा धेरै ठाउँमा चार्जर स्थापना भैसकेको र थप ५० भन्दा धेरै ठाउँ मा चार्जर जडान गर्ने लक्ष्य लिएको जनाएको छ।

# नेपाल एसबिआई मर्चेन्टको आठौँ वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं- नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि.का शेयर धनीको आठौं वार्षिक साधारण सभा मिति २०८० मंसिर ०५ गते नेपाल एसबिआई बैंक लि.को प्रधान कार्यालय, कमलादी, काठमाडौंमा सम्पन्न भयो ।

उक्त सभाले कम्पनीको आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन, वार्षिक आर्थिक विवरण - आषाढ मसान्त २०८० को वा सलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत- पारित गऱ्यो ।

साथै यस कम्पनीको मिति २०८०/०८/०५ गते सम्पन्न आठौं वार्षिक साधारण सभाले कम्पनीमा रिक्त रहेको स्वतन्त्र संचालक पदमा श्री नन्दन हरि शर्मालाई ४ (चार) वर्षका लागि नियुक्त गरेको बेहोरा जानकारी गराउदछौं । उक्त साधारण सभाले आ.व. २०८०/८१ को कम्पनीको लेखा परीक्षण गर्नका लागि एपि एण्ड एशोसियट्स, चाटर्ड एकाउण्टेन्ट्लाई लेखा परीक्षकमा नियुक्ती एव निजको पारिश्रमिक अनुमोदन गरेको छ ।

महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# केबुलकार डिजिटल प्रविधिमा स्तरोन्नति, सुविधा सम्पन्न: रिसोर्टको निर्माण धमाधम




काठमाडौं- स्वप्नदर्शी उद्यमी स्वर्गीय लक्ष्मणबाबु श्रेष्ठको परिकल्पना, आँट र लगानीमा सुरु भएको नेपालको पहिलो केबुलकार सेवा मनकामना केबुलकारले २५ वर्ष पूरा गरेको छ ।

केबुलकार सेवाले सफलतापूर्वक २५ वर्ष पूरा गरी २६ वर्ष प्रवेश गरेको अवसरमा एक विज्ञप्ति जारी गर्दै यसको सञ्चालक कम्पनीमा कामना दर्शन प्रालिले आगामी दिनमा अझ स्तरीय दिने प्रतिबद्धता जाहेर गरेको छ । कम्पनीले माता मनकामनाको असीम अनुकम्पा र यात्रुजनको स्नेहले मनकामना केबुलकार सेवा यातायातको क्षेत्रमा विशिष्ट इतिहास रच्न सफल भएको बताएको छ ।

'२५औंवार्षिकोत्सवको उपलक्ष्यमा हामी नेपालमा केबुलकार सेवाको परिकल्पनाकार एवं संस्थापक स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठको साहसिक एवं ऐतिहासिक निर्णयको स्मरण गर्दै उहाँ प्रति भावपूर्ण श्रदाअर्पण गर्न चाहन्छौं,' मनकामना दर्शन प्रालिले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

केबुलकार सेवाले हिन्दुहरुको प्रसिद्ध तीर्थस्थल मनकामना र वरपरको क्षेत्रलाई पर्यटकीय गन्तव्यको रुपमा स्थापित गराउन अतुलनीय योगदान गरेको छ । केबुलकार सेवा शुभारम्भसँगै सो क्षेत्र आन्तरिक मात्रै नभएर भारतीय र विश्वभरका पर्यटक आकर्षित गर्न सफल गन्तव्यको रुपमा स्थापित भएको छ ।

मनकामना दर्शन प्रालि २०५३ कात्तिक २२ गते स्थापना भएका कम्पनी हो । प्रा.लि ले २०५४ माघको अन्तिम साता केबुलकार निर्माण प्रारम्भ गरी२०५५ मंसिर ८ गतेबाट व्यावसायिक सेवा सुरु गरेको हो । देशमा सशस्त्र द्वन्द्व चलिरहेको बेला अनेकौं चुनौतीको सामना गर्दै ठूलो लगानीमा केबुलकार सेवा सञ्चालन गरेर कम्पनीले ठूला लगानीकर्ता एवं उद्यमी व्यवसायीमा उत्साह जगाउने काम गरेको थियो ।

मनकामना केबुलकारको थालनीले नेपालमा लगानीको ठूलो सम्भावना रहेको सन्देश पनि प्रवाह गरेको थियो । सुरुका २/४ वर्ष अपेक्षा अनुरुप यात्रु नआए पनि अविचलित सेवालाई निरन्तरता दिएको पनि हामी स्मरण गर्न चाहन्छौं । २५ वर्ष पूरा गरी २६ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रो परियोजनामा ऋण लगानीको अगुवाइ गर्ने नेपाल बैंक लिमिटेड तथा अन्य लगानीकर्ता राष्ट्रिय वाणिज्य बैंक र तत्कालीन नेपाल बंगलादेश बैंकको योगदानको पनि हामी स्मरण गर्न चाहन्छौं । सेवा सुरु गरेको ६ वर्षमा ऋण चुक्ता गर्ने लक्ष्य रहेको मातत्कालीन विषम परिस्थितिका कारण ऋण चुक्ता गरिसक्न ७ वर्ष लागेको व्यहोरा पनि जानकारी गराउन चाहन्छौं ।

२५ वर्षको दौरानमा कम्पनीले केबुलकारको एनालग (ब्लबयिनगभ) प्रविधिलाई नवीनतम डिजिटल (म्म्नष्तबा ) रणालीमा स्तरोन्नतिगरेको कम्पनीका प्रबन्ध निर्देशक राजेशबाबु श्रेष्ठले जानकारी दिनुभयो । अस्ट्रियाको डोपल मेयर -(म्यउउभाबिथच) कम्पनीको डी-कनेक्ट ( म्- ऋयललभअत) भनिने डिजिटल प्रणालीमा स्तरोन्नति गर्ने काम सन् २०२१ मै सम्पन्न गरिसकेको कम्पनीले बाँकी काम आगामी सन् २०२४ को भदौ/असोजमा सम्पन्न गर्ने योजना अनुसार काम गरीरहेको छ ।

सोको लागि आवश्यक केही उपकरण आयात भइसकेको छ । अबको चरणमा नियन्त्रण प्रणाली (ऋयलतचया क्थकतभm), सञ्चार केबुल (ऋयmmगलष्अबतष्यल) का साथै केबुलकारलाई केबुलको लट्ठा(ःबष्ल ज्बगबिनभ चयउभ) फेरेर पहिलेकै जस्तो नयाँ र स्तरीय प्रविधिको स्वरुपमा सञ्चालन हुनेछ। केबुलकार स्तरोन्नति गर्न करिब ४५ करोड रुपैयाँ लगानी हुनेछ ।

साथै सन् २०२४ को अन्त्यमा वा २०२५ सुरुबाटै सञ्चालन गर्ने गरी मनकामनामा केबुलकार हाताभित्र सुविधा सम्पन्न रिसोर्ट निर्माण भइरहेको छ। ४० कोठाको यो रिसोर्टमा स्विमिङपुल, हेल्थक्लब, सभा-सेमिनार हल र रेस्टुरेन्टको सुविधा हुनेछ ।हाम्रो भगिनीसंस्था रिसोर्टस्बाई मनकामना केबुलकार प्रा.लिको नामबाट सञ्चालन हुने उक्त रिसोर्टमा लगानी करिब ५५ करोड रुपैयाँ हुने अनुमान छ ।

सामाजिक, परोपकारी एवं पुण्य कार्यलाई पनि व्यवसायलाई सरह प्राथमिकता दिनुपर्छ भन्ने संस्थापक स्वर्गीय लक्ष्मण बाबु श्रेष्ठको दर्शनलाई केन्द्रमा राखेर मनकामना दर्शन प्रा.लिले मनकामना र आसपासका क्षेत्रको विकास, स्वास्थ्य, शिक्षा तथा विपन्न वर्ग र जातिलाई सहयोग गर्दै आएको छ ।

विनाशकारी गोरखा भूकम्पको बेला कम्पनीले पश्चिम गोरखाका ७-८ गाविसलाई राहत सामग्री उपलब्ध गराएको थियो । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कम्पनीले केबुलकार टिकटबाट भएको आम्दानीको १-१ प्रतिशत रकम सहिद लखन गाउँपालिका गोरखा र इच्छाकामना गाउँपालिका चितवनलाई विकास निर्माण, शिक्षा, स्वास्थ्य, संस्कृति सम्पदा जगेर्ना, विपन्न वर्गको हित तथा दैवी प्रकोपको लागि भनी वर्षेनि सहयोग गर्दै आएको छ ।

# विराटनगरमा पुस ६ देखि १६ सम्म मोरङ व्यापार संघ एक्स्पो, १५ करोडको कारोबार हुने अनुमान




विराटनगरमा पुस ६ देखि १६ सम्म मोरङ व्यापार संघ एक्स्पो, १५ करोडको कारोबार हुने अनुमान

मोरङ व्यापार संघ एक्स्पो आगामी पुस ६ देखि १६ गतेसम्म विराटनगरमा हुने भएको छ। मोरङ व्यापार संघले

पत्रकार सम्मेलन गरी एक्स्पोबारे जानकारी दिएको हो ।

संघका अध्यक्ष नवीन रिजालले एक्स्पोमा २५० वटा स्टल रहने जानकारी दिए । उनका अनुसार नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगका अतिरिक्त कोशी प्रदेशका महत्त्व झल्किने कला, संस्कृति र कृषिजन्य उत्पादन पनि प्रदर्शनी गरिने छ ।

एक्स्पोमा कृषि तथा घरेलु साना उद्योगलाई १० वटा स्टल निःशुल्क उपलब्ध गराइने संघले जनाएको छ । मनोरञ्जनका लागि नेपाली कलाकृतिमा आधारित प्रवेशद्वार, ६० फिट अग्लो टावर र किड्स जोन निर्माण गरिनेछ ।

अध्यक्ष रिजालले एक्स्पोले उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्पर्क गराइ कोशी प्रदेशमा औद्योगिक-व्यापारिक गतिविधि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

'स्वदेशी उद्योग-व्यवसायको प्रवर्धन, नेपाल व्यापार रणनीति (एनटीआईएस)अन्तर्गत पहिचान गरिएका कोशी र अन्य प्रदेशका वस्तु तथा पूर्वका पर्यटकीय गन्तव्यको प्रचारप्रसार गर्न एक्स्पोले सघाउ पुऱ्याउनेछ,' उनले भने ।

एक्स्पो ४ लाखले अवलोकन गर्ने र १५ करोडभन्दा बढीको कारोबार हुने संघको अनुमान छ ।

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस